मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक ७७ • २०८२ साल माघ १७ गते शनिबार • Saturday 31, January 2026 • सूर्योदयः बिहान ०६:५१ बजे • सूर्यास्तः साँझ ५:४६ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## शहीद दिवसमा ओपिडी सेवा बन्द

**मधेशदृष्टि**
**वीरगंज।**
बीरगन्जस्थित नारायणी अस्पतालको ओपिडी सेवा शुक्रबार शहीद दिवसको अवसरमा बन्द रहेको छ । अस्पताल प्रशासनले सार्वजनिक बिदा परेको कारणले शुक्रबार ओपिडी सञ्चालन नभएको जानकारी दिएको छ। अस्पतालले जारी गरेको सूचना अनुसार, ओपिडी बन्द भए पनि आकस्मिक सेवा, भर्ना, प्रयोगशाला, फार्मेसी लगायतका अन्य अत्यावश्यक सेवाहरू नियमित रूपमा उपलब्ध हुनेछन्। अस्पताल प्रशासनले बिरामी तथा सेवाग्राहीलाई पर्न सक्ने असुविधाप्रति क्षमायाचना गर्दै, आवश्यक सेवा लिन आकस्मिक कक्षमा सम्पर्क गर्न आग्रह गरेको छ।

# मधेशको मुद्दा बोकेर अगाडि बढ्छौँः गगन थापा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले अबको ५ वर्ष मधेशलाई केन्द्रमा राखेर काम गर्नकालागि मतदाताहरुसँग मत दिन अपिल गरेका छन् । मधेशको राजधानी जनकपुरधाममा ८ वटै जिल्लाका उम्मेदवार तथा जिल्ला अध्यक्षहरुसँगको भेटघाट कार्यक्रममा बोल्दै थापाले नयाँ सोच र दृष्टिसहित कांग्रेस चुनावमा सामेल भएको भन्दै पाँच वर्षकालागि पार्टीलाई सरकार चलाउने अवसर दिन आग्रह गरे ।
'नेपाली कांग्रेस मधेशलाई केन्द्रमा राखेर काम गर्न चाहन्छ,' उनले भने, 'मधेशवादीलाई भोट दिन्छु भन्नेहरूलाई कांग्रेस नै सबैभन्दा पुरानो र असली मधेशवादी पार्टी हो भन्न सक्नुपर्छ ।' उनले मधेशका बाँकी मुद्दाहरु कांग्रेसले पूरा गरेर देखाउने प्रतिवद्धता समेत व्यक्त गरे ।
'मधेशले पूर्ण विश्वास दिएपछि कांग्रेसको एकमना सरकार बन्छ । त्यो सरकारले मधेशका मुद्दा जुरुक्क बोक्छ,' थापाले भने, 'चाहे त्यो संविधानसम्बन्धी विषय होस्, चाहे मधेशीमाथि हुने अन्यायपूर्ण विभेदसँग जोडिएको विषय हुन्, सबै मुद्दा कांग्रेसले बोक्छ ।' त्यसैले मधेशलाई जोड्न आफू आएको उनको भनाइ थियो । 'म निर्वाचन क्षेत्र नभएर यहाँ आएको होइन, मधेशलाई जोड्न आएको हुँ,' उनले भने ।
थापाले मधेश नेपाली कांग्रेसको जननी भएको जिकिर गरे । उनी सर्लाही–४ बाट प्रतिनिधि सभा सदस्यको निर्वाचनमा उम्मेदवार बनेका छन् । यसअघि काठमाडौँ–४ बाट चुनाव लड्दै आएका थिए । मधेशका मुद्दा सम्बोधन गर्न आफूले मात्रै जितेर नपुग्ने उनको भनाइ थियो । त्यसैले कांग्रेसका सबै उम्मेदवारलाई जिताउन आग्रह गरे ।
विगतमा कांग्रेसबाट कमीकमजोरी हुँदा छोडेका कार्यकर्ता पनि फर्किने क्रम सुरु भएको उनले जिकिर गरे । 'हिजो पार्टीबाट कतिपय कमीकमजोरी भएका छन् । जसका कारण धेरै साथीहरू पार्टीभन्दा बाहिर जानुभएको छ,' थापाले भने, 'अब सबै साथीहरू एकजुट हुनुस् । एक भएर बाहिर गएकाहरूलाई घर फर्काउने पहल लिनुस् ।' मधेशका मुद्दामा स्पष्ट र निर्भीक रूपमा बोल्ने नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै थापाले चुनावमा राष्ट्रिय र स्थानीय दुवै मुद्दा लिएर जान पार्टीका नेता–कार्यकर्तालाई आग्रह गरे । जेन्जी युवाको माग कुनै पार्टीले सम्बोधन गरेको छ भने त्यो पार्टी नेपाली कांग्रेस रहेको बताए । उनले जेन्जी युवाको माग सम्बोधन गरेर विशेष महाधिवेशनबाट पार्टी नयाँ भएको बताए । नेपाली कांग्रेस नेपालको सबैभन्दा नयाँ पार्टी रहेको जेन्जी युवालाई बुझाउन कार्यकर्ताहरुलाई समेत आग्रह गरे । उनले नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो र सबैभन्दा नयाँ दल पनि रहेको दाबी गरे ।
कांग्रेस अब रूपान्तरित भएको दाबी गर्दै थापाले पार्टी उत्तेजना फैलाउने नभई देश सम्हाल्ने शक्ति भएको बताए । उनले देशमा भएको विध्वंश र विनाशलाई फेरि ट्र्याकमा ल्याउने शक्ति नेपाली कांग्रेससँगै रहेको दाबी गरे ।

## ६ महिनामा झण्डै २,६००, पुसमा १,४४८ नागरिक सम्पर्कविहीन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा पछिल्लो छ महिनाको अवधिमा बेपत्ता तथा सम्पर्कविहीन हुने व्यक्तिको संख्या अस्वाभाविक रूपमा बढ्दै गएको छ । प्रहरी तथ्यांकले प्रदेशको सुरक्षा अवस्था थप जटिल बन्दै गएको संकेत गरेको छ । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार यो अवधिमा २ हजार ५ सय ७२ जना व्यक्ति सम्पर्कविहीन भएका छन् । प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले पुस महिनामा मात्रै १ हजार ४ सय ४८ जना सम्पर्कविहीन भएको जानकारी दिए । उनका अनुसार छ महिनाको अवधिमा तीमध्ये १ हजार ५ सय १ जना फेला परिसके पनि बाँकी अझै पत्ता लाग्न सकेका छैनन् ।
यसैबीच, जेन्जी आन्दोलनका क्रममा मधेश प्रदेशमा भएको मानवीय तथा भौतिक क्षतिको विवरण पनि प्रहरीले सार्वजनिक गरेको छ । आन्दोलनका क्रममा प्रदेशमा चार जनाको ज्यान गएको र २ सय ३४ वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रवक्ता थापाले बताए । सरकारी कार्यालयमा भएको क्षतिको अनुमानित मूल्य ५७ करोड ३५ लाख ५२ हजार १ सय २५ रुपैयाँ पुगेको छ ।
आन्दोलनको क्रममा प्रहरीका सवारी साधनमा पनि व्यापक क्षति पुगेको प्रहरीले जनाएको छ । सवारी साधनतर्फ करिब २ करोड ६ लाख ७८ हजार ३ सय ८० रुपैयाँ बराबरको नोक्सानी भएको प्रारम्भिक मूल्यांकन गरिएको छ ।
त्यसैगरी, जेन्जी आन्दोलनकै समयमा प्रदेशका विभिन्न कारागारबाट १ हजार ४५ कैदीबन्दी फरार भएका थिए । हालसम्म ५ सय ७९ जनालाई पुनः नियन्त्रणमा लिइएको छ भने बाँकी अझै फरार रहेका छन् । बाल सुधार गृहबाट फरार भएका ६८ जनामध्ये २० जनालाई नियन्त्रणमा लिइसकिएको र ४८ जना अझै फरार रहेको प्रहरीले जनाएको छ ।
बढ्दो बेपत्ता हुने घटना, फरार कैदीबन्दी र आन्दोलनजन्य क्षतिले मधेश प्रदेशमा सुरक्षा चुनौती थपिएको देखिएको छ । प्रहरी प्रशासनले फरार व्यक्तिको खोजी तीव्र बनाउनुका साथै प्रदेशको समग्र सुरक्षास्थिति मजबुत बनाउने कार्यलाई प्राथमिकतामा राखेर अघि बढिरहेको जनाएको छ ।

## सुदूरपश्चिममा 'डमी बालेन'को भिडियो भाइरल





**मधेशदृष्टि**
**काठमाडौँ ।**
सुदूरपश्चिम भ्रमणमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाहको जस्तै हुलियामा देखिएका एक व्यक्तिको भिडियो सामाजिक सञ्जालमा तीव्र रूपमा फैलिएको छ । भिडियोले सुदूरपश्चिमभर राजनीतिक तथा सामाजिक बहससमेत जन्माएको छ ।
१३ माघमा कैलाली पुगेका शाहले हालसम्म कुनै पनि स्थानमा सार्वजनिक कार्यक्रम वा औपचारिक अभिव्यक्ति दिएका छैनन् । उनी रास्वपाका नेता, कार्यकर्ता तथा समर्थकलाई प्रायः गाडीभित्रैबाट हात हल्लाउँदै एक स्थानबाट अर्को स्थानतर्फ गइरहेका छन् । तीन दिनको अवधिमा उनले सुदूरपश्चिमका सबै जिल्लाका मुख्य क्षेत्रको भ्रमण र भेटघाट भने अझै पूरा गरिसकेका छैनन् ।
शाह डोटीमा रहेका बेला बिहीबार सामाजिक सञ्जालमा एक भिडियो सार्वजनिक भयो, जसमा बालेन शाहकै शैलीमा एक व्यक्तिले गाडीको छतबाट आधा शरीर बाहिर निकालेर घण्टी बजाउँदै हात हल्लाइरहेको देखिन्छ । भिडियोपछि सामाजिक सञ्जाल प्रयोगकर्ताले ती व्यक्तिलाई 'डमी बालेन' भन्दै टिप्पणी गर्न थालेका छन् ।
अनुसन्धानपछि भिडियो पूर्व–पश्चिम राजमार्गअन्तर्गत कैलालीको लम्की बजारको भएको खुलेको छ । बालेनको जस्तै दाह्री, कालो टोपी, चस्मा र कालो पहिरन लगाएका ती व्यक्ति टीकापुरका स्थानीय गोपाल कोइराला भएको पहिचान भएको छ । धेरैले उनलाई बालेन नै ठाने पनि वास्तविक बालेन भने प्रहरीको स्कटिङसहित केही मिनेटअघि नै लम्की बजार पार गरिसकेका थिए ।
कोइरालाले आफू डेढ महिनाअघि मात्र अनलाइनमार्फत रास्वपाको सदस्य बनेको र बालेनको विचार तथा शैलीबाट प्रभावित भएकाले पहिलेदेखि नै उस्तै भेषभूषामा हिँड्दै आएको दाबी गरेका छन् । बालेन आउने जानकारी पाएपछि स्वागत र भेटघाटका लागि लम्की पुगेको तर भेट हुन नसकेको उनको भनाइ छ ।
'बालेन मनपर्ने भएकाले पहिलेबाटै उनको जस्तै भेषमा हिँड्थेँ,' कोइरालाले भने, 'लम्कीमा उनलाई भेट्न पुगेको थिएँ, तर भेट हुन सकेन । त्यही बेला पत्रकार साथीहरूले भिडियो खिच्नुभएको रहेछ । अहिले डमी बालेन भनेर अनावश्यक विवाद बनाइएको छ ।'
आफूले नियतवश वा योजनाबद्ध रूपमा घण्टी बजाउँदै गाडीबाट हात नहल्लाएको उनको दाबी छ । 'साथीहरूले घण्टी बजाएर हिँड्दा कस्तो देखिन्छ भनेर भनेपछि त्यसो गरेको हुँ,' उनले भने, 'बालेनलाई झुक्याउने वा गलत सन्देश दिने उद्देश्य थिएन ।'
भिडियो सार्वजनिक भएपछि सुदूरपश्चिमका पहाडी जिल्लामा समेत 'डमी बालेन' प्रयोग गरिएको हो कि भन्ने आशंका सामाजिक सञ्जालमा उठ्न थालेको छ । तर रास्वपा सुदूरपश्चिम प्रदेश समितिले भने यस विषयमा आफूहरूलाई कुनै जानकारी नभएको जनाएको छ । प्रदेश सभापति प्रकाश विष्टले पार्टीको तर्फबाट यसबारे औपचारिक जानकारी नआएको बताए ।
माघ १३ देखि सुदूरपश्चिममा रहेका बालेन्द्र साह शुक्रबार अछाम पुगे । उनी विभिन्न स्थानमा पार्टीका नेता, कार्यकर्ता र समर्थकसँग भेटघाट गर्दै अघि बढिरहेका छन् । तर हालसम्म उनले कतै पनि सार्वजनिक रूपमा मन्तव्य वा प्रतिक्रिया दिएका छैनन् ।

## चुनावबारे ग्रामीण क्षेत्रमा मतदाता अनभिज्ञ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा चुनाव नजिकिँदै गए पनि गाउँघरमा मतदातालाई चुनावको मितिको विषयमा अनभिज्ञता छ । धनुषा निर्वाचन क्षेत्र ३ मा मतदातासँग निर्वाचनसम्बन्धी कुरा गर्नकालागि खेतबारीमै पुग्दा अधिकांश मतदाता चुनावको मितिकै विषयमा अनभिज्ञता प्रकट गरे । धनुषा क्षेत्र नम्बर ३ नगराइन नगरपालिका बहुअर्वाका धनीराम भन्छन्, 'विकास खोइ छैन । चुनाव फागुन २१ गते हुन्छ भन्ने सुनेको छु, तर चुनावी चहलपहल छैन । विगतमा जस्तो छलफल, गाउँको एजेन्डा र कसलाई भोट दिने भन्ने बहस अहिले देखिँदैन । अब हाम्रो गाउँमा जसलाई जिताए पनि मेयरदेखि सांसदसम्म एकचोटि पनि आउँदैनन् । हामी समस्या लिएर फोन गर्छौं, वार्ड अध्यक्षलाई फोन गर्छौं, तर टेर्दैनन् । पालिकामा जाँदा हाकिम जस्तो व्यवहार गर्छन् । चुनावमा हामी सेवक हौँ भन्छन् तर जनतालाई ठग्छन् । अहिले पनि गरिबी छ, बेरोजगारी छ, कसले हेर्ने ?'
जनकपुरधाम उपमहानगरपालिका रुपैठाका कारी यादवले आफ्नो सानो हाँसपालन र माछापालन फार्म सञ्चालन गर्दै आइरहेका छन् । तर उनलाई चुनाव माघमा हुन्छ कि फागुनमा थाहै नरहेको बताए । उनले भने, 'चुनाव माघमा कि फागुनमा भन्ने थाहा छैन तर चुनाव छ । चहलपहल छैन । विकासको नाममा जिरो छ । पहिले बनेको बाटो त्यही हो, त्यो पनि बिग्रिसकेको छ । ढलान फुटिसक्यो, नाला व्यवस्थित छैन । मरम्मत कसले गर्ने ? फार्म चलाउँदैछौँ, ऋणका लागि कुन नेतालाई भनेनौँ ? कृषि विकास बैंकबाट ऋण र उपकरण केही पाएका छैनौँ । आफ्नै मान्छेलाई दिन्छन् । पुराना दलमाथि विश्वास टुटिसकेको छ ।'
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ बिन्धीकी ५५ वर्षीया सैदा खातुन भन्छिन्, 'विकास भएको छ भने नेताको भएको छ, जनताको होइन । ठूला घर बनाएका छन्, छोराछोरी विदेश पढ्न पठाएका छन् । हाम्रो विकास खेतमै हो । कोदालो र खुर्पी लिएर काम गरिरहेका छौँ । चार छोरी र एउटा छोरा छ । खेत बेचेर छोरीको बिहे गरियो । थोरै पढाएर छोरालाई विदेश पठायौँ । एजेन्टले ठग्यो, छोरा फर्कियो, ऋण तिर्न बाँकी छ । धेरै नेतासँग सहयोग माग्यौँ, कसैले गरेन । देशमै रोजगार हुन्थ्यो भने किन विदेश पठाउने ? चुनावी भाषणमा ठूला कुरा गर्छन्, फ्रि भिसा भन्छन् । भोट कहिले छ थाहा छैन, चहलपहल छैन, पर्चा पम्पलेट पनि देखिँदैन । यसपालि नयाँलाई भोट दिनुपर्छ । ठूला पार्टी गरिबका लागि होइनन् ।'
मिथिला नगरपालिका तारापट्टीका मिथिलेशराम बैन्ड पार्टीमा काम गर्छन् । उनी भन्छन्, 'युवाका लागि कोही छैन । बेरोजगार छौँ । विदेश जाने पैसा छैन । भिसा आए पनि पैसाको कारण जान सकेका छैनौँ । मिटरब्याजीका कारण साहुले ऋण पनि दिँदैन । विवाह, व्रतबन्ध आदिको सिजनमा बैन्ड बजाएर परिवार पाल्नुपर्ने बाध्यता छ । सरकारले युवाका लागि न काम दिएको छ न बाहिर जान सहयोग । मन्दिर र दलान बनाइदिन्छु भनेर आश्वासन दिए, तर बनेन ।' उनले अगाडि भने, 'सबै पुराना दलका नेताहरुले ठगे तर अब कुनै नयाँ दललाई मत दिने सोचेको छु ।'
मिथिलेशरामसँग नयाँ दलहरुको नाम सोध्दा उनले भने, 'नाम थाहा छैन, चुनाव चिन्ह थाहा छ । जोसुकै होस्, अब परिवर्तन हामीले नै ल्याउनुपर्छ । हामीले मत दिने हो, उनीहरूले सही उपयोग गरेर देशलाई निकास दिने विश्वास छ ।'
धनुषा ३ कै सन्तोष चौधरी भन्छन्, 'पुराना दलमाथि हाम्रा पूर्वजहरूले पनि विश्वास गरे, हामीले पनि गर्यौं तर केही भएन । अफिसमा काम गर्न पैसा नदिए कागज मिल्दैन । १० मिनेटको काम १० दिन लाग्छ । नागरिकताको समस्या समाधान भएको छैन, जन्मदर्ता रोकिएको छ । वैदेशिक रोजगारीका कारण धनुषा र महोत्तरीमा दिनहुँ जसो लास आइरहेका हुन्छन् । रोजगारको व्यवस्था हुन्थ्यो भने कसैलाई विदेश जाने रहर हुँदैन । म पनि विदेश गएर आएको हुँ । यसपालि भाडामा खेत लिएर खेती गरेँ, बेमौसमी वर्षाका कारण बाली भएन । समयमा मलखाद आएन । ऋण काढेर खेती गरेको थिएँ । ४ छोरी र २ छोरा छन् । नेता विकासको कुरा गर्छन्, यसपालि क्षेत्रमा आए हिसाब पक्कै लिन्छु । काम गर्दा कमिशन माग्छन्, गुणस्तरीय बाटो, धर्मशाला र दलान छैन । विकास जनताको होइन, नेताकै भएको छ ।'

## कृष्णा अस्पतालमा उपचाररत २० वर्षीय युवाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–४ विर्तास्थित कृष्णा हस्पिटलमा युवकको उपचारक्रममा मृत्यु भएको छ ।
मृत्यु हुनेमा बारा, महागढीमाई नगरपालिका वडा नं ८ बेतावनाका चन्देश्वर माझीका २० वर्षीय छोरा हरेन्द्र माझी छन् ।
तीन दिनअघिदेखि उपचाररत माझीको अचानक स्वास्थ्यमा गडबडी हुँदा उनको मृत्यु भएको जनाइएको छ । मृतक हरेन्द्रकी आमा अनिता देवीले छोराको उपचारमा चिकित्सक र अस्पतालले चरम लापारवाही गरेको आरोप लगाइन् । उनी शुक्रबार बिहानै ९ बजे खाना खान छोराले ईशारा गरे पनि एकैछिनमा उनको मृत्यु भएको खबर अस्पतालका चिकित्सकले सुनाउँदा आफूहरू आश्चर्यमा परेको उनले जनाइन् । उनले यो घटनाको सत्यतथ्य छानबिन हुनु पर्ने मागसमेत गरेकी छन् । यो घटनाले पुरै माझी परिवार शोकमा डुबेको समेत उनले बताइन् । हरेन्द्र एक महिनादेखि क्षयरोगबाट ग्रसित थिए । उनले सरकारी अस्पतालबाट क्षयरोग(टिबी रोग)को औषधि सेवन गर्दै आएका थिए । अत्यधिक खोकी लागेर गाह्रो भएपछि उनलाई थप उपचारको लागि वीरगंज ल्याइएको थियो ।
तर अवस्था बिग्रिँदा चिकित्सकले छेउमै रहेको नारायणी अस्पतालमा रिफर गर्नुको साटो कृष्णा अस्पतालमै उपचार गरिरहेकोको कारण उनको उपचारमा लापरबाही भएको परिवारजनको आरोप छ । अस्पताल व्यवस्थापन पक्षले सबै आरोपलाई अस्वीकार गरेको छ । अस्पतालका इमेरजेन्सी वार्डका मेडिकल अफिसर डा. सुदीप गुप्ताले उनको उपचारमा अस्पतालबाट कुनै लापारवाही नभएको बताए ।
माझी भर्ना हुदाँ नै उनको अवस्था गम्भीर भएको भन्दै अस्पताल र चिकित्सकले शतप्रतिशत मेहनेत गर्दा उनको ज्यान जोगाउने प्रयास गर्दा समेत ज्यान बचाउन नसकिएकोमा दुःख लागेको डा. गुप्ताले बताए । उनको उपचारमा केही कति खर्च लागेको र के कारणले उनको मृत्यु भएको हो भन्ने कारणसमेत अस्पताल पक्षले पीडित पक्षलाई जानकारी नगराएको उनले बताए ।

# आठपटक म्याद थप्दा पनि सडक अलपत्र

**सिरहा ।**
आठौँपटक म्याद थप्दा पनि धनुषाको जनकपुर–कदम चोक–तीनकोरिया–सघारा–कमालपुल–पूर्व महावीर चोक सिरहा खण्डको हुलाकी सडक स्तरोउन्नति अझै काम पूरा भएको छैन । रु १९ करोड १४ लाखमा ३७ हजार १६७ (भ्याटसहित) लागतमा साढे पाँच किलोमिटर सडक कालोपत्र गर्ने जिम्मा लिएका धुकुछु कन्स्ट्रक्सन प्रालि बुद्धनगर काठमाडौँले अहिलेसम्म ८५ प्रतिशत काम मात्रै गरेको छभने वित्तीय प्रगति ६३ दशमलव २५ प्रतिशत रहेको छ ।

सो ठेक्का भेरिएसन भएर लागत रु २१ करोड ९३ लाख ६२ हजार १८९ पुगेको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका सूचना अधिकारी इन्जिनियर कुमार रायले बताए । जनकपुर–कदमचौक–कष्टोल–तिनकोरीया– सघारा–कमला पुल हुलाकी सडक स्तरोउन्नतिका लागि ठेक्का भएकामा पहिला नै उक्त खण्डको केही भागको निर्माण भइसकेकाले ठेक्काअनुसार बाँकी रहेको कार्य गर्न कमला पुलदेखि पूर्व सिरहा बजारको महावीर चोकसम्मको डेढ किलोमिटर



सडक बनाउन जिम्मेवारी दिइएको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका इन्जिनियर सूर्यनारायण मण्डलले जानकारी दिए ।

विसं २०७४ असारमा ठेक्का सम्झौता भएको उक्त सडक २०७५ पुससम्म बनिसकिनुपर्नेमा अहिलेसम्म आठपटक म्याद थप गरेर निर्माण कम्पनी धुकुछु कन्स्ट्रक्सन प्रालिले काम गरिरहेको छ । थपिएको म्याद आउँदो चैतमा सकिने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयले जनाएको छ । सिरहा बजारको महावीर चोकदेखि पूर्व भगवानपुर बलान पुलसम्म सडक कालोपत्र भई सञ्चालमा रहे पनि सिरहाको महावीर चोकदेखि पश्चिम बसबिट्टा कमला बाँधसम्मका डेढ किलोमिटर सडक नबन्दा यहाँका स्थानीय धुलाम्य सडकमा यात्रा गर्न बाध्य रहेका छन् ।

निर्माण कम्पनीका प्रतिनिधि जयमोद झाले यही हप्ताको मङ्गलबारदेखि बजार खण्डमा काम सुरु भएको छ, हामी मेसिनसहित पुगिसकेका छौँ चैतभित्र काम सक्नेगरी काम भइरहेको छ उनले भने, 'धुलो नियन्त्रनका लागि पानी छर्कन शुक्रबार नै सेफ्टी ट्याङ्की आएकोले शनिबारेखि नियमित रुपमा पानी छर्किने काम हुनेछ ।'

समयमै सडक कालोपत्र नहुँदा धुलो उडेर घर तथा पसलमा बस्न सास्ती भएको गुनासो स्थानीय राजीव यादवको रहेको छ । हुलाकी सडकको धुलो खाएको लामो समय भयो दैनिक धुलाम्मे सडकमा पानी पनि नहाल्दा निकै समस्या भइरहेको छ । रासस

# खाद्यान्न तथा शैक्षिक सामाग्री वितरण

**मधेशदृष्टि**
**कलैया।**
शहीद दिवसको अवसरमा कलैया सिटी जेसिजले मधेश आन्दोलनका शहीद हिफाजत मियाको परिवारलाई खाद्यान्न तथा शैक्षिक सामग्री वितरण गरेको छ । बाराको कलैया उपमहानगरपालिका–७ रंगपुर निवासी सहिद मियाको परिवारलाई एक कार्यक्रमबीच सहयोग सामग्री प्रदान गरिएको हो।

कलैया सिटी जेसिज २०२६ का अध्यक्ष संदिप कुमार साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि, वडा नम्बर ७ का अध्यक्ष सैफुल्लाह अन्सारीले सहिद मियाका बुबा–आमालाई सामग्री हस्तान्तरण गरेका थिए।

कार्यक्रम संयोजक आदिल अन्सारीका अनुसार 'मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो' भन्ने नारासहित चामल, दाल, बिस्कुट, चाउचाउ, कपी–पेन्सिल, कपडा, सर्फ र साबुनलगायत सामग्री वितरण गरिएको हो । यस अवसरमा प्रमुख अतिथि वडा अध्यक्ष अन्सारीले सहिद मियाका छोरालाई फुटबल तथा अन्य खेलकुद सामग्री उपलब्ध गराउने वचन दिँदै आगामी दिनमा थप सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन्।

# मानवसेवा आश्रममा निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल ईनोभेटिभ सोसाइटी पर्साको आयोजनामा मानवसेवा आश्रम वीरगंजमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । शिविरमा आश्रममा आश्रित आमा–बुबाहरूको स्वास्थ्य परीक्षण तथा आवश्यक परामर्श प्रदान गरिएको थियो।

कार्यक्रम सोसाइटीका अध्यक्ष कमल चौगाईको अध्यक्षतामा सम्पन्न भएको हो भने सञ्चालन सचिव ऋषि राज सत्यालले गरेका थिए। शिविरका संयोजक आयसा हुमागाई र मानवसेवा आश्रमका संस्थापक देवेश गुप्ताको समेत कार्यक्रममा सहभागिता रहेको थियो।

स्वास्थ्य परीक्षणमा नारायणी अस्पतालका वरिष्ठ स्वास्थ्यकर्मी हेमा थापासहित डा. निरज कुमार सिंह, डा. मनोज उपाध्याय र डा. प्रीती यादवले सेवा प्रदान गरेका थिए । चिकित्सक टोलीले सहभागीहरूको विस्तृत स्वास्थ्य जाँच गरी आवश्यक परामर्श दिएको थियो।

शिविरमा विभिन्न औषधि, भिटामिन, स्यानिटरी सामग्री र अन्य आवश्यक स्वास्थ्य सामग्री निःशुल्क वितरण गरिएको आयोजकले जनाएको छ।

# कारागारबाट फरार ठगी अभियुक्त पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
केन्द्रीय कारागार काठमाडौंबाट फरार भएका ठगी अभियुक्त प्रविण चौरसियालाई पर्सा प्रहरीले वीरगंजबाट पक्राउ गरेको छ। सूचना अधिकारी हरि बहादुर बस्नेतका अनुसार, बीरगन्ज महानगरपालिका–१६ का २३ वर्षीय चौरसियालाई रामनगर चोकबाट नियन्त्रणमा लिएको हो।

उनी गत भदौ २३–२४ गते कारागारबाट फरार भएका थिए। अदालतले उनलाई ठगी मुद्दामा ५ वर्ष ६ महिनाको कैद र ८७ हजार ५०० रुपैयाँ जरिवाना सजाय सुनाएको थियो। पक्राउ परेपछि उनलाई कैद भुक्तानका लागि बीरगन्ज कारागार पठाइएको छ।

# दुईदिन अघि बेपत्ता भएकी महिला मृत फेला

**मधेशदृष्टि**
**महोत्तरी।**
गौशाला नगरपालिका–१ रामनगरकी ७३ वर्षीया रासोदेवी यादव दुई दिनअघि घरबाट बेपत्ता भएकी थिइन्, उनलाई आज मृत अवस्थामा फेला पारिएको छ । उनका छोरा हरि यादवका अनुसार १४ माघ राति रासोदेवी घरमै सुतिरहेका बेला बेपत्ता भएकी थिइन् । खोजतलासका क्रममा परिवार र स्थानीयले उखु बारीमा उनको शव फेला पारेका हुन् । शवको अवस्था र घटनास्थलको प्रकृति हेर्दा हत्याको आशंका गरिएको छ भने वास्तविक कारण हालसम्म खुलेको छैन । प्रहरीले घटनास्थलमा सुरक्षा घेरा राखेर मुचुल्का प्रक्रिया अघि बढाएको छ।

# चार लाखभन्दा बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने

सर्लाही।
सर्लाहीका १२ स्थानीय तहमा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइने भएको छ । स्वास्थ्य कार्यालय सर्लाहीका अनुसार जिल्लाको १२ वटा पालिकामा हात्तीपाइले रोग सङ्क्रमण फैलिरहेको पाइएपछि विशेष अभियानमार्फत औषधि खुवाउन थालिएको हो।

विश्व स्वास्थ्य सङ्गठन र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जिल्लाका २० पालिकालाई दुई भागमा विभाजन गरेर गत असोजमा हात्तीपाइले रोग सङ्क्रमणको परीक्षण गरेको थियो । परीक्षणका क्रम रोग फैलिने क्रम जारी रहेपछि औषधि सेवन गराउन लागेको हो।

परीक्षण टोलीले जिल्लाको बलरा नगरपालिका, रामनगर गाउँपालिका, धन्कौल गाउँपालिका, बसवरिया गाउँपालिका, चक्रघट्ट गाउँपालिका, गोडैता नगरपालिका, विष्णु गाउँपालिका, कौडेना गाउँपालिका, मलङ्गवा नगरपालिका, ब्रह्मपरी गाउँपालिका, पर्सा गाउँपालिका र हरिपुर्वा नगरपालिकालाई एउटा समूहमा राखेर परीक्षण गरेको हो । टोलीका अनुसार बलरा, चक्रघट्ट र ब्रह्मपुरीबाट लिएको ३०० नमूनामध्ये २८ जनामा हात्तीपाइले सङ्क्रमण पाइएको थियो।

त्यसमध्ये पनि राति १२ बजे लिएको २८ जनाको नमूनामा पाँच जना सक्रिय सङ्क्रमित फेला परेका स्वास्थ्य कार्यालय मलङ्गवाका हात्तीपाइले रोग नियन्त्रण शाखा संयोजक मनोज झाले जानकारी दिए । जिल्लाका उत्तरी क्षेत्रका बाँकी आठ पालिकामा भने हात्तीपाइले रोग फैलन क्रम रोकिएको पाइएको छ । 'हात्तीपाइलेका नयाँ बिमारी फेला परेका पालिकामा विश्व स्वास्थ्य सङ्गठन र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका चिकित्सक टोलीकै उपस्थितमा आम औषधि खुवाउने काम भइरहको छ,' संयोजक झाले बताए।

अभियानअन्तर्गत सुरुमा पालिकाका स्वास्थ्यकर्मी र स्वयम्सेविकालाई औषधि खुवाउने तौरतरिकाबारे प्रशिक्षण दिइनेछ, त्यसपछि उहाँहरूलाई घरघरमै पठाएर औषधि खुवाउन लगाउने गरिएको छ । मलङ्गवा नगरपालिकामा माघ ८ गतेदेखि औषधि खुवाउन सुरु गरिसकिएको र अन्य पालिकाहरूमा तालिम चलिरहेको छ स्वास्थ्य कार्यालय प्रमुख झाले भने । हात्तीपाइलेविरुद्धको औषधि दुई वर्षदेखि माथि उमेरका सबैलाई सेवन गराइने उनले बताए।

बाह्र स्थानीय तहका ८० प्रतिशतले हुन आउने चार लाख ३० हजार ९४१ जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ । कार्यक्रमअन्तर्गत बुधबार हात्तीपाइले रोग उन्मूलनसम्बन्धी अन्तरक्रिया गरिएको थियो । हात्तीपाइले रोगले शरीरमा गम्भीर क्षति पु¥याउने भए पनि समयमै र नियमित औषधि सेवनले यसको रोकथाम गर्न सकिने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकु काठमाडौँका डा शशि बडेलले जानकारी दिए।

हात्तीपाइले रोगका कारण दीर्घकालीन अपाङ्गता निम्तिन सक्ने जोखिम रहेको र यसका विषयमा आउने अनेकन भ्रमका पछाडि नलागी घरघरमा आउने स्वास्थ्य स्वयम्सेविकासँग औषधि लिएर सेवन गर्न उनले आग्रह गरे । 'हामीले केही समय पहिला सर्लाहीका २० पालिकालाई उत्तरी र दक्षिणी गरी दुई भागमा विभाजन गरेर नमूना सङ्कलन गर्ने र परीक्षण गर्ने काम गरेका थियो', डा बडेलले भने, 'त्यस क्रममा जिल्लाको दक्षिणी क्षेत्रका १२ पालिकामा एक दशमलव आठ प्रतिशतसम्म सङ्क्रमण फैलने क्रम पाइयो । त्यसपछि पालिकाहरूमा औषधि खुवाउने अभियान सुरु गरिएको छ।'

डा बडेलका अनुसार एक प्रतिशतभन्दा धेरैमा सङ्क्रमण फेला पर्नु जोखिम पूर्ण अवस्था मानिन्छ। हात्तीपाइले (फाइलेरिया) रोग क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले मानिसमा सार्ने गर्दछ। यो रोग एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीबाट सङ्क्रमण भएपछि लाग्छ । क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले स्वास्थ्य मानिसलाई टोकेर यी परजीवीहरू मानव शरीरमा प्रवेश गराउने चिकित्सकको भनाइ छ । रासस

# नेपाली श्रमिकले जीवनशैली र आर्थिक व्यवहारप्रति गम्भीर हुन आग्रह

**रामएकवाल राम**
**दोहा, कतार ।**
मध्यपूर्वको देश खाडी मुलुकमा कार्यरत नेपाली श्रमिकको आर्थिक, पारिवारिक तथा सामाजिक अवस्थालाई मध्यनजर गर्दै आफ्नो जीवनशैली र आर्थिक व्यवहारप्रति गम्भीर रुपले सोच्न एनआरएनए कतारले आग्रह गरेको छ । परिषद कतारले बिहीबार प्रेस विज्ञप्तिमार्फत खाडीमा कार्यरत नेपाली श्रमिकको आर्थिक, पारिवारिक तथा सामाजिक अवस्थालाई नजिकबाट हेर्दा दीर्घकालीन बचतको अभाव, बढ्दो देखावटी खर्च र भविष्यको स्पष्ट योजना नहुँदा विभिन्न चुनौती तथा समस्या देखिएकाले गम्भीर रुपले सोच्न एनआरएनए अध्यक्ष कृष्ण पन्थीले आग्रह गरेका हुन् ।

अध्यक्ष पन्थीले विज्ञप्तिमा नियमित आम्दानी हुँदाहुँदै पनि आर्थिक असुरक्षा, पारिवारिक तनाव र बुढेसकालको अनिश्चितता बढ्दै जानु प्रवासी नेपाली श्रमिकको चिन्ताको विषय भएको बताएको छ ।

वैदेशिक जीवनको प्रारम्भिक चरणमा ऋण तिर्ने, त्यसपछि क्रमशः ऋण थपिंदै जाने, देखावटी खर्चमा फस्ने र बुढेसकालको सुनिश्चितता बिना जीवन बिताउने प्रवृत्तिले पारिवारिक सम्बन्ध, मानसिक स्वास्थ्य तथा सामाजिक स्वास्थ्यमा गम्भीर असर पु¥याएको देखिन्छ ।

पछिल्ला वर्षहरुमा पारिवारिक विछोड, सम्बन्ध बिच्छेद तथा एक्लोपनका घटनाहरु वृद्धि हुनु हामी सबैका लागि गम्भीर चेतावनी हो । केवल आजको खर्च आवश्यकता पूरा गर्न मात्र होइन, मूलतः परिवारको सुरक्षित र सम्मानित भविष्य निर्माण गर्न विदेश आएका हौं भन्ने गम्भीर विषयलाई मनन गर्न आग्रह गर्दै विज्ञप्तिमा आम्दानीको निश्चित अंशको नियमित बचत, देखावटी खर्चभन्दा दीर्घकालीन आर्थिक योजनालाई प्राथमिकता दिन सुझाइएको छ । त्यस्तै, परिवारसँग निरन्तर संवाद, विश्वास र भावनात्मक सम्बन्ध कायम राख्ने, बालबालिकाको शिक्षा सम्बन्धी निर्णय क्षमता र योजना अनुसार गर्ने, विदेश जीवनसँगै बुढेसकालको आर्थिक तथा स्वास्थ्य सुरक्षाको व्यवस्था गर्न विज्ञप्तिमार्फत आग्रह गरिएको छ । विज्ञप्तिमा विदेशको जीवन सीमित अवधिका लागि भएपनि परिवार, स्वास्थ्य र बुढेसकालका लागि आज गरिने सानो सचेत निर्णयले ठूलो संकटबाट जोगाउन सकिने भएकाले सचेत, सुरक्षित र सम्मानित नेपाली समुदाय निर्माणका लागि परिषद् प्रतिबद्ध रहेको जनाइएको छ ।

# सैनिक मञ्चको दक्षिण चउर दुई करोड ७० लाखमा हरियाली बनाइँदै

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले सैनिक मञ्चको दक्षिण चउर सुधार गर्दै रु दुई करोड ७० लाख मूल्य बराबरको 'वरमुढा ग्रास' रोप्ने तयारी गरेको छ ।

कामपा सार्वजनिक निर्माण विभागका वरिष्ठ इञ्जिनियर अर्जुन अर्यालका अनुसार सर्वसाधारणका लागि खुला ठाउँ व्यवस्थित गर्न उक्त योजना अघि सारिएको हो । अहिले यो ठाउँ युवा र बालबालिकाका लागि खेल खेल्ने र ज्येष्ठ नागरिकका लागि आराम गर्ने, घाम ताप्ने स्थलका रुपमा उपयोग भएको छ ।

समयसमयमा सार्वजनिक कार्यक्रम हुने गरेका छन् । सर्वसाधारणले उपयोग गर्ने यो ठाउँमा धुलो उड्ने, पानीमा हिलो हुने अवस्थामा सुधार ल्याएर प्रयोग सहजताका लागि ग्रास रोप्ने योजना बनाइएको हो ।

वरिष्ठ इञ्जिनियर अर्यालका अनुसार यहाँ जमिनको सतह सम्याएर तीन इञ्च मलिलो माटो राखिने छ । यसमाथि घाँस रोपिनेछ । चउरमा छ मिटर गहिराई र १ दशमलव २ मिटर व्यासका आठ वटा आकाशे पानी सङ्कलन पिट हुनेछ । यसबाट खुला ठाउँमा सर्वसाधारणको सहज पहुँच वृद्धि, सामाजिक अन्तरघुलन, वातावरणीय सुधार र सहरी सुन्दरतामा वृद्धि हुने अपेक्षा कामपाको छ ।

# झापा गोल्डकपको सातौँ संस्करण हुँदै

**भद्रपुर ।**
सातौँ संस्करणको झापा गोल्डकप फुटबल प्रतियोगिता यही माघ २४ देखि फागुन ४ गतेसम्म भद्रपुरस्थित डोमलाल राजवंशी रङ्गशालामा आयोजना हुने भएको छ । प्रतियोगितामा नेपाल, भारत, भुटान र मलेसियाका १० टिमको सहभागिता रहनेछ ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमा झापा गोल्डकपका अध्यक्ष केदार गिरीले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । उनका अनुसार मैदान मर्मत, अस्थायी प्यारापिट निर्माणलगायत अधिकांश तयारी पूरा भइसकेको छभने मञ्च सजावटको काममात्र बाँकी छ ।

अध्यक्ष गिरीका अनुसार प्रतियोगितामा झापा–११ फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड, त्रिभुवन आर्मी एफसी, एपिएफ एफसी, नेपाल पुलिस एफसी, मच्छिन्द्र एफसी, लालीगुराँस एसोसिएसन नेपाल पोखरा, रोयल थिम्पु एफसी भुटान, सिङ्लिङ स्पोर्टिङ क्लब भारत र एन पेनाङ एफसी मलेसियाले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिताको विजेताले १५ लाख रुपैयाँ र उपविजेताले सात लाख ५० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ । अध्यक्ष गिरीका अनुसार फाइनल खेलका उत्कृष्ट खेलाडी तथा अफिसियललाई जनही ३५ हजार रुपैयाँ प्रदान गरिने छभने प्रत्येक दिनको 'प्लेयर अफ दी म्याच'लाई २५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ ।

यस संस्करणको मुख्य प्रायोजन एग्रो थाई फुड्सको उत्पादन 'एक्सट्रिम एनर्जी ड्रिङ्क्स'ले गर्ने भएको छ । पत्रकार सम्मेलनकै अवसरमा आयोजक र मुख्य प्रायोजकबीच सम्झौतापत्रमा हस्ताक्षर गरिएको थियो । प्रतियोगिता सम्पन्न गर्न करिब एक करोड ५० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको झापा गोल्डकप आयोजक समितिले जनाएको छ ।

# थापाद्वारा पार्टी एकता र सङ्गठन सुदृढीकरणमा जोड




**धनुषा।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी सङ्गठनलाई सुदृढ बनाउँदै जनताको भरोसा जित्नेगरी अघि बढ्नुपर्ने बताएका छन्। शुक्रबार पार्टीको मधेश प्रदेश कार्यसमितिद्वारा जनकपुरधाममा आयोजित प्रदेश कार्यसमिति तथा प्रतिनिधिसभा सदस्य उम्मेदवारहरूको विशेष बैठकलाई सम्बोधन गर्दै सभापति थापाले सङ्गठनात्मक एकता, अनुशासन र सक्रियता नै पार्टीको मुख्य शक्ति भएको उल्लेख गरे।

कांग्रेसमा कुनै गुट छैन, हामी सबै एक हौँ । सबै मिलेर अघि बढ्नुपर्छ उहाँले बताए निवर्तमान सभापति शेरबहादुर देउवासँग सल्लाह लिइरहेका छौँ । मधेशका मुद्दालाई नेपाली कांग्रेसले सम्बोधन गर्ने उनको भनाइ छ।

उनले मधेश प्रदेशका राजनीतिक, सामाजिक र आर्थिक मुद्दालाई प्राथमिकतामा राखेर स्पष्ट एजेन्डाका साथ अघि बढ्न नेता तथा कार्यकर्तालाई आग्रह गरे । सभापति थापाले आगामी निर्वाचनलाई लक्षित गर्दै पार्टीभित्र गुटबन्दीभन्दा माथि उठेर साझा लक्ष्यका लागि काम गर्नुपर्नेमा जोड दिए।

प्रतिनिधिसभा सदस्य उम्मेदवारलाई जनतासँग नजिक रहेर काम गर्न, विकास र सुशासनलाई प्राथमिकतामा राख्न तथा पार्टीका निर्णय र नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरे । कार्यक्रममा पार्टीका मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले पार्टी सङ्गठनलाई जनताको दैनिक समस्यासँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता औँल्याए। उनले मधेशका मुद्दा समाधानका लागि कांग्रेसले सशक्त भूमिका निर्वाह गर्ने बताए।

बैठकमा मधेश प्रदेश कार्यसमितिका पदाधिकारी, केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य उम्मेदवारहरूको सहभागिता थियो। रासस

## सम्पादकीय

# हिंसाको सामान्यीकरणः राज्यको मौनता र समाजको जोखिम

देशका विभिन्न भूभागमा एकपछि अर्को हिंसाका घटना बढिरहेका छन् । किसानको गोली हानी हत्या, सुपारीमा आमाछोराको निर्मम बध, दाइजाको नाममा महिलामाथि नियन्त्रण र अत्याचार, घरमै घुसेर गरिएका आक्रमण । यी सबै तस्बिरहरू कुनै आकस्मिक दुर्घटना होइनन् । यी समाजमा हिंसा 'सामान्य' बन्दै गएका संकेत हुन् । हिंसा सामान्य बन्नु केवल अपराध बढ्नु मात्र होइन, राज्य कमजोर हुनु, समाज मौन रहनु र न्याय प्रणालीले काम नगर्नु को सामूहिक परिणाम हो।

नेपालमा विशेषतः मधेशमा हत्या र गम्भीर अपराधका मुद्दा किन अगाडि बढ्दैनन् भन्ने प्रश्न बारम्बार उठ्छ । यसको उत्तर सरल छैन, तर स्पष्ट छः अपराधी जति शक्तिशाली राजनीतिक संरचनासँग जोडिन्छ, मुद्दा त्यति नै कमजोर र सुस्त बन्छ । प्रहरी, अभियोजन र राजनीतिक नेतृत्वबीचको अनौपचारिक निर्भरता ले गर्दा धेरै अपराध 'फाइल' मा थन्किन्छन्, तर 'न्याय' मा पुग्दैनन् । यस्तो अवस्था निरन्तर चलिरहँदा अपराधी ढुक्क हुन्छ, पीडित निराश, र राज्य निरीह देखिन्छ।

दाइजा प्रथा, घरभित्रकै हिंसा, महिलामाथिको दण्डहीन अत्याचार । यी कुनै एक जाति, भूभाग वा समुदायको समस्या होइनन् । तर मधेशमा यसको प्रभाव बढी देखिनुको कारण सामाजिक संरचना, आर्थिक निर्भरता र राज्यको उपस्थितिको कमजोरी हो । सुरक्षाको अनुभूति हराउँदै गइरहेको बेला पीडितले प्रहरीसम्म पुग्दा नै दबाब, सम्झौता, धम्की र अवमाननाभोग्नु पर्ने अवस्था अझ मार्मिक छ । कानून, नियम, कार्ययोजना सबै कागजमा छन् । तर समस्या कार्यान्वयन नगर्ने नेतृत्व र जिम्मेवारी नलिने राजनीतिक संरचना हो । जबसम्म राजनीतिक दलहरूले अपराधीलाई प्रत्यक्ष वा परोक्ष संरक्षण दिने परम्परा छोड्दैनन्, जबसम्म प्रहरी र अनुसन्धान संयन्त्रलाई स्वतन्त्र रूपमा काम गर्न दिइँदैन, तबसम्म हत्या, सुपारी काण्ड वा दाइजाका नाममा भएको हिंसा कुनै पनि दिन 'सामान्य खबर' जस्तै भइरहनेछ।

हिंसा केवल कानुनी सवाल मात्र होइन; यो सामाजिक मूल्यको परीक्षा पनि हो । जब समुदाय मौन बस्छ, जब हत्यालाई "झगडा" र यातनालाई 'परिवारको कुरा' भनेर बेवास्ता गरिन्छ, त्यसले अपराधीलाई होइन, समाजलाई कमजोर बनाउँछ । न्याय स्थगित हुनु नै हिंसालाई संस्थागत बनाउनु हो। हिंसा बढ्नु भनेको देश असुरक्षित हुँदै जानु मात्रै होइन, यो राज्यप्रतिको विश्वास खस्दै जानु,

समानतामै आधारित समाज कमजोर हुँदै जानु र लोकतन्त्रकै आधार हल्लिँदै जानुको संकेत हो । राजनीतिक नेतृत्वले, सुरक्षा संयन्त्रले र समाजले—तीनै तहमा—हिंसाबिरुद्ध स्पष्ट, कठोर र निरन्तर प्रतिबद्धता लिन नसकेसम्म, हाम्रो समाजमा गोली, हत्या र दाइजा हिंसा नियमित यथार्थ बनेर रहिरहनेछ।

# धनुषा–४: एमाले–कांग्रेसको किल्लामा रास्वपाको धावा

**दिवेश कुमार महतो**



मधेश प्रदेशको राजधानी जनकपुरधामसँगै गाँसिएको निर्वाचन क्षेत्र धनुषा–४ मा एमाले–कांग्रेसको दशकौँ पुरानो वर्चस्वलाई चुनौती दिन राष्ट्रिय स्वतन्त्र पार्टी चुनावी मैदानमा सक्रिय देखिएका छन् । एमाले–काङ्ग्रेसको दबदबा रहेको यस निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी उदाउँछ कि फेरि पुरानै शक्ति दोहोरिन्छ भन्ने प्रश्नले आमजनमानसलाई दुई ध्रुवमा बाँडेको छ । चारवटा निर्वाचन क्षेत्र रहेको धनुषामा चार नम्बर क्षेत्रमा १२ जनाले विभिन्न राजनीतिक दलहरूबाट र २५ जना स्वतन्त्र उम्मेदवारका रुपमा चुनावी मैदानमा उत्रिएका छन् । नेकपा एमालेको प्रभावशाली क्षेत्र मानिएको यस भेगमा नेपाली कांग्रेस जित निकाल्न संघर्षरत रहँदै आएको विगतको ईतिहासले देखाउँछ।

**विगतको निर्वाचन अंकगणित**

विसं २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा नेकपा एमालेका रघुवीर महासेठले २ हजार ५ सय ४१ मतान्तरले विजयी भएका थिए । महासेठले २२ हजार ५ सय ३२ मत ल्याएर विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका महेन्द्र यादवले १९ हजार ९ सय ९१ मत पाएका थिए । तत्कालीन उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमका उम्मेदवार महाजन यादवले भने १९ हजार ६ सय ६२ मत प्राप्त गरेका थिए। त्यतिबेला नेकपा एमाले तुलनात्मक रूपमा बलियो अवस्थामा थियो । एमालेलाई त्यसबेला नेकपा माओवादीको पनि साथ रहेको थियो।

नेकपा एमालेमा लामो समयदेखि चल्दै आएको आन्तरिक कलहका कारण भदौ २, २०७८ मा पार्टी औपचारिक रूपमा विभाजित भई वरिष्ठ नेता माधवकुमार नेपालको अध्यक्षतामा नेकपा (एकीकृत समाजवादी) दल दर्ता भएको थियो। जसले गर्दा नेकपा एमाले मा ठुलो क्षति हुने सम्भावना देखिएपनि विसं २०७९ सालको निर्वाचनमा नेकपा एमालेका उम्मेदवार रघुवीर महासेठ नै धनुषा–४ बाट पुनः विजय भए । महासेठले यादवलाई १ सय २४ मतको झिनो मतान्तरले पराजित गरेका थिए।

महासेठ ३२ हजार २ सय ३६ मत ल्याएर विजयी हुँदा महेन्द्र यादवले ३२ हजार १ सय १२ मत पाएका थिए । जबकि महेन्द्र यादव बाम गठबन्धनका साझा उम्मेदवार थिए । तर रघुवीर महासेठको अगाडि महेन्द्र यादवको बाम गठबन्धन अन्ततः फ्लप भए। त्यसबेला जनता समाजवादी पार्टी नेपालका उम्मेदवार महाजन यादवले ५ हजार २ सय १२ मत प्राप्त गरेका थिए भने स्वतन्त्र उम्मेदवार कृष्ण कुमार महतोले ४ हजार ३ सय ४३ मत प्राप्त गरेका थिए। त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार संजय कुमार यादवले १ हजार १ सय २१ मत प्राप्त गरेका थिए।

**यसपालि कसको सम्भावना कति ?**

**१. रघुवीर महासेठ (नेकपा एमाले)**

गतवर्ष दुवै निर्वाचनलाई फर्केर हेर्दा नेकपा एमालेका उम्मेदवार रघुवीर महासेठ नै बलियो उम्मेदवारका रुपमा देखिन्छन् । नेकपा एमालेका उपमहासचिव रहेका महासेठ थुप्रैपटक मन्त्री र उपप्रधानमन्त्री समेत भइसकेका नेता हुन् । महासेठ आफ्नो क्षेत्रमा एमालेका नेता–कार्यकर्ताहरूलाई एकीकृत गर्नसक्ने नेताका रूपमा मानिन्छन् । उनी आफ्नो क्षेत्रका एमाले नेता–कार्यकर्ताका लागि सर्वस्वीकार्य जस्तै हुन् । उनको संसदीय राजनितिक यात्रा विसं २०६५ सालको उपनिर्वाचनबाट भएको थियो।

डा. रामवरण यादव प्रथम राष्ट्रपति बनेपछि महासेठ २०६५ को संविधानसभा उपनिर्वाचनमा धनुषा–५ बाट जितेर संसदीय राजनीतिमा इन्ट्री गरेका थिए । २०७० को दोस्रो संविधानसभा निर्वाचनमा राष्ट्रपतिपुत्र चन्द्रमोहन यादवसँग हार व्यहोर्नु परेको थियो। त्यसपछि उनी २०७४ र २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा सानदार जित हात पारेका थिए । र, यसपालि फेरि पनि मुख्य उम्मेदवारका रुपमा चुनावी प्रतिस्पर्धामा छन्।

गत वर्षको प्रतिनिधि सभा निर्वाचनमा रघुवीर महासेठको श्रीमती जुली महतो महासेठ पनि धनुषा निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित भएकी थिइन्। उनी फेरि पनि उम्मेदवारका रुपमा धनुषा–३ मा सक्रिय छिन् । महासेठ दम्पती मिलेर धनुषा निर्वाचन क्षेत्र नं ३ र ४ मा आफ्नो वर्चस्व कायम राख्न प्रयासरत छन्।

**२. महेन्द्र यादव (नेपाली कांग्रेस)**

उनी यसअघि दुईपटक यसै क्षेत्रबाट चुनाव लड्दै आएका थिए। दुवै पटक उनी नेकपा एमालेका रघुवीर महासेठसँग पराजित भएका थिए। विसं २०७९ सालको निर्वाचनमा लगभग जित सुनिश्चित भईसकेको अवस्था नमिठो हारले समग्र नेपाली कांग्रेसलाई धनुषा–४ मा स्तब्ध बनाइदिए । उनी त्यसबेला बामगठबन्धनका साझा उम्मेदवार थिए तर १ सय २४ मतको झिनो मतान्तरले उनी हार व्यहोरे । यसपाली उनी एक्लै चुनावी मैदानमा छन्। महेन्द्र यादवको सुखद पक्ष के छ भने उनका पुराना सहकर्मी सन्तोष यादव नेपाली कांग्रेसमा फर्किएका छन्।

महेन्द्र यादव नेपाली कांग्रेसका पूर्वसहमहामन्त्री हुन्। शेरबहादुर देउवा निकट मानिएका यादव भर्खरै सम्पन्न भएको नेपाली कांग्रेसको विशेष महाधिवेशनको विपक्षमा थिए।

**३. राजकिशोर महतो (रास्वपा)**

उनी तत्कालीन उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम बाट विसं २०७४ सालमा प्रदेश सभाको उम्मेदवार भईसकेका नेता हुन् । उनी त्यसबेला धनुषा निर्वाचन क्षेत्र नं–४ 'ख' प्रदेश सभातर्फ तेस्रो स्थान ल्याउन सफल भएका थिए। तर यसपालि उनी फरक अन्दाजमा देखिएका छन्। उनी राष्ट्रिय स्वतन्त्र पार्टीबाट धनुषा निर्वाचन क्षेत्र नं–४ मा योग्य उम्मेदवारका रुपमा प्रस्तुत भएका छन्।

**४. ई. संजय कुमार महतो (नेकपा)**

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेपाली कम्युनिष्ट पार्टी बाट ई. संजय कुमार महतो उम्मेदवार छन् । अखिल क्रान्तिकारी विद्यार्थी संगठनबाट उदाएका नेताका रुपमा उनी परिचित छन् तर संगठनात्मक किसिमले त्यस क्षेत्रमा पार्टी कमजोर रहेको देखिन्छ । महतो युवा जेन्जी युवा समूहको प्रतिनिधित्व गर्ने धनुषा–४ का सबैभन्दा कान्छो उम्मेदवार

हुन्।

**५. ई.डा.कृष्णचन्द्र साह (जसपा नेपाल)**

जनता समाजवादी पार्टी नेपालको तर्फबाट ई.कृष्णचन्द्र साह उम्मेदवार छन् । उनी यसअघि २०७९ सालको निर्वाचनमा नेपाल लोकतान्त्रिक पार्टीबाट उम्मेदवार हुँदा २०४ मत प्राप्त गरेका थिए।

मधेश आन्दोलनको प्रभावका कारण यस पार्टी भित्र विसं २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा जनमत देखिए पनि २०७९ सालको निर्वाचनमा जनता समाजवादी पार्टी नेपालका तत्कालीन उम्मेदवार महाजन यादव अपेक्षा भन्दा धेरै कम मत ल्याएका थिए।

त्यसैगरी सिके राउत नेतृत्वको जनमत पार्टी बाट ईन्द्रजित यादव र आम जनता पार्टीबाट सम्पत महतो कोइरी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामबाबु साह हलुवाई र राष्ट्रिय मुक्ति पाटीएबाट महावीर यादव छन् । यस निर्वाचन क्षेत्रमा अन्य उम्मेदवार भए पनि तिनीहरुको भूमिका डमी उम्मेदवारका रुपमा मात्र देखिएको छ।

**के छ अवस्था ?**

धनुषा क्षेत्र नं. ४ अन्तर्गत पर्ने पाँच पालिकामध्ये मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, लक्ष्मीनिया गाउँपालिका र मिथिला विहारी नगरपालिका कांग्रेसले जितेको छ । उसले क्षिरेश्वरनाथ नगरपालिकाको बहुसंख्यक वडा पनि जितेको छ । एमालेले क्षिरेश्वरनाथ नगरपालिका र मिथिला नगरपालिकाको उपमेयरसहित बहुमत वडा जितेको छ । धनुषा–४ मा मिथिला नगरपालिकाको वडा नं.४, क्षिरेश्वरनाथको वडा नं. ८ र ९, मिथिला विहारी नगरपालिकाको १,३,४ र ५ वडा पर्दैन । जनकपुरधाम उपमहानगरपालिकाको वडा नं. ९, १३, १४, १९, २१ र २२ गरी पाँच वटा भने यसै क्षेत्रमा पर्दछ।

यो क्षेत्रमा पर्ने ४२ वटामा पार्टीका वडाध्यक्षहरूले पाएको मतको आधारमा अलि कम बढी कांग्रेस र एमालेको शक्ति उस्ताउस्तै देखिन्छ । यद्यपि कांग्रेस पहिलो दलको रुपमा छ। तर पार्टीभित्रको आन्तरिक द्वन्द्वलाई व्यवस्थापन गर्न नसक्दा नेपाली कांग्रेसले आफ्नो पक्षमा नतिजा ल्याउन सफल भएका छैनन्।

**'बालेन मधेशीपुत्र' को फ्याक्टरले रास्वपाप्रतिको क्रेज**

धनुषासहित मधेशका जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टी एकदमै कमजोर देखिन्थ्यो तर काठमाडौँ महानगरपालिकाका पूर्वमेयर बालेन्द्र साहलाई भावी प्रधानमन्त्रीका रुपमा सारेलगत्तै मधेशमा अबकी बार–बालेन सरकारको नारा गुञ्जिएको छ । बालेनलाई प्रधानमन्त्री बनाउने कुरामा जोड दिँदै रास्वपाका उम्मेदवार राजकिशोर महतो भोट माग्न व्यस्त छन्।

माघ ५ गतेको बलिदानी दिवसको दिन पारेर जनकपुरधाममा परिवर्तन उद्घोषण सभामा बालेनको आगमन र उनले भाषण गरेको स्थानीय भाषाले गर्दा मतदाता रास्वपातिर आकर्षित भएका छन् । बालेनलाई भावी प्रधानमन्त्री र मधेश पुत्रको फ्याक्टरले धनुषासहित मधेशका जिल्लामा रास्वपा भन्दा पनि बालेनप्रतिको क्रेज बढेको छ । बालेन मधेशी भएर क्रेज बढेको भन्दा पनि उनको काम गर्ने तौरतरिकाले पनि उनि परिचित छन्। जेन्जी उमेर समूहका युवा पनि रास्वपाप्रति आकर्षित देखिएको छ । तर मधेशमा देखिने क्रेज र वास्तविक नतिजा भने एकदमै फरक हुन्छ।

फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन आउन समय बाँकी नै रहेकाले धनुषा–४ मा कसको सम्भावना कति छ भन्ने कुरा आउने दिनमा अझ बढी प्रष्ट हुन्छ । तथापि धनुषा–४ मा नेकपा एमालेका उम्मेदवार रघुवीर महासेठ र नेपाली काङ्ग्रेसका उम्मेदवार महेन्द्र यादव जस्तो प्रभावशाली र हेभिवेट नेताका अगाडि रास्वपाका उम्मेदवार राजकिशोर महतोले किल्ला गाड्न कतिको सफल हुन्छ भन्ने कुरा आउने निर्वाचनको अंकगणितले प्रष्ट पार्छ।

# उद्यमसहितको वन व्यवस्थापनले आगलागी शून्य

**अञ्जली थापा/रासस**

मनहरी गाउँपालिका–७ की किसान विमला राईको सम्बन्ध केवल वन संरक्षणमा मात्र सीमित छैन, यो उहाँको दैनिकी, आम्दानी र सुरक्षासँग पनि गाँसिएको छ । सूर्योदयसँगै उहाँ सामुदायिक वनतर्फ लाग्नुहुन्छ । झाडी सफाइ, सुक्खा पात–पत्कर सङ्कलन र त्यसबाट कम्पोष्ट मल बनाउने काम उहाँको नियमित कर्म बनेको छ।

पात–पत्करका लागि डिपाट सामुदायिक वनमा १५ सय फिटका तीनवटा खाल्डा बनेका छन्भने प्रत्येक खाल्डामा १५ सय ट्र्याक्टर मल उत्पादन हुने गरेको छ । यही उत्पादनमा विमला व्यस्त हुनुभएको छ। उहाँ भन्नुहुन्छ, 'खाल्डामा मलमात्र होइन, हाम्रो जीवन नै संगालेको महसुस हुन्छ, साना नानी लिएर घरमा आगो बल्ला भनेर रातभर नसुत्ने हामीलाई यही खाल्डाले आनन्दको निद्रा दिएको छ।'

उहाँलाई करिब १० वर्ष अगाडिसम्म हिउँदमा वन नजिकैको घर डढेलोले जलाउँला भन्ने डर थियो। विस्तारै वनमा काम, खेती र मल उत्पादनको विकल्प ल्याइयो र डढेलो पूर्ण रूप्मा नियन्त्रण भएपछि निद्रा लागेको उहाँको भनाइ छ।

अर्धसहरी जीवनशैली भएका र राजमार्ग छेउमा घर भएका विमलाको समुदाय नै यतिबेला सामुदायिक वनभित्र भेटिन्छ। दुईतीनवटा गाईवस्तु पाल्दा अरु काम गर्न नपाइने र त्यसैमा गुजारा नहुने कारण खेती गर्न नै मलले समस्या पारेकामा अहिले भने वनबाट मल र दैनिक ज्यालादारीका रूप्मा आम्दानी दुवै पाइरहेको विमला बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पहिला मलका लागि अनिवार्य रूप्मा पशु पाल्नुपर्ने बाध्यता थियो, गोठ बनाउने, घाँसदाउरा जोहो गर्ने र पशु स्याहारमै धेरै समय खर्च हुन्थ्यो,' विमला भन्नुहुन्छ, 'अहिले सामुदायिक वनबाटै कम्पोष्ट मल पाइने भएपछि धेरै सहज भएको छ।'

वनमा झरेका पात–पत्कर, झाडी सफाइबाट निस्किएको जैविक पदार्थ कम्पोष्टमा परिणत भएपछि खेतका लागि पर्याप्त मल उपलब्ध हुन्छ। यसले माटोको उर्वराशक्ति बढाएको छ, बाली उत्पादन राम्रो भएको छ र रासायनिक मल किन्ने खर्च पनि घटेको छ।

झाडी सफाइ केवल स्वच्छताका लागि मात्र होइन, आम्दानीको स्रोत पनि बनेको छ। वन उपभोक्ता समूहले सफाइबाट सङ्कलित सामग्रीलाई व्यवस्थित रूप्मा मल उत्पादनमा प्रयोग गर्छ। सो मल बिक्री हुँदा समूहलाई आम्दानी हुन्छ, जसको प्रत्यक्ष फाइदा उपभोक्ताले पाउँछन् । विमलाका अनुसार यस आम्दानीले छोराछोरीको पढाइ, घर खर्च र दैनिक आवश्यकतामा सहयोग पुगेको छ। छोराछोरी पाल्न अब पहिलेजस्तो गाह्रो छैन, उहाँ मुस्कुराउँदै भन्नुहुन्छ।

झाडी सफाइ र पत्कर सङ्कलनले वनभित्र सुक्खा पदार्थ थुप्रिन दिँदैन । यसको व्यवस्थापनले आगलागीको जोखिम घटाएको छ। पहिले हिउँद सुरु हुनासाथ डढेलोको डरले राति निद्रा लाग्दैनथ्यो। अहिले भने वन सफा, चिस्यानयुक्त र निगरानीमा भएकाले समुदाय ढुक्क छ।

विमलामात्र होइन, यस क्षेत्रका सबै सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ताको दैनिकी र उपलब्धि उस्तै छ । डिपाट सामुदायिक वनसँगै सीमा जोडिएको सुनाचुरी सामुदायिक वन उपभोक्ता सरिता ब्लोन बिहानै कागतीका बिरुवा स्याहार गर्न वन पुग्नुहुन्छ। उहाँ भन्नुहुन्छ, 'पहिले वन संरक्षण भनेको पहरा दिनुमात्र होजस्तो लाग्थ्यो, अहिले वनमै खेती गर्न पाउँदा आम्दानी पनि भयो। वन हाम्रो आफ्नै खेतबारीजस्तो लाग्न थालेको छ।'

सुनाचुरी सामुदायिक वनकी उपभोक्ता सरिता ब्लोन आज आत्मविश्वासका साथ वनमा काम गरिरहनुभएको देखिन्छ । तर उहाँका लागि १० वर्षअघिको हिउँद अझै पनि डरलाग्दो स्मृतिका रूप्मा रहेको छ । वनको छेउमै घर भएकी उहाँ भन्नुहुन्छ, 'राति निद्रा लाग्दैनथ्यो, डढेलोले घर भेट्ला कि भन्ने डर हुन्थ्यो।' छिमेकीको गोठमा आगलागी भएको घटनापछि धेरै रात अनिँदो बसेको सम्झना अझै ताजा छ। तर अहिले अवस्था फेरिएको छ। वनमा झरेका पात–पत्कर सङ्कलन गरी कम्पोष्ट मल उत्पादन सुरु भएपछि आगलागीको जोखिम न्यून भएको छ। 'अब ढुक्क छु,' उहाँ मुस्कुराउँदै भन्नुहुन्छ, 'अहिले वनको निजी सम्पत्तिजत्तिकै माया लाग्छ, माया लागेपछि आगो लाग्न नदिने प्रयास आफैँ हुन्छ।'

सरिताका अनुसार सामुदायिक वनमा कागतीखेती गर्न थालिएपछि वनको हेरचाहमा पनि आफूहरुको ध्यान पुग्न थालेको छ। उक्त कामको फलस्वरूप वनमा आगलागी नभएको उहाँको भनाइ छ । 'पहिले डढेलो नियन्त्रण गर्ने भन्ने हुन्थ्यो तर हामीलाई त्यति चासो थिएन, अहिले भने सबै उपभोक्ताको ध्यान पुग्छ,' उहाँ भन्नुहुन्छ। सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले परम्परागत संरक्षणको अभ्यासबाट बाहिर निस्कँदै वनलाई आम्दानीसँग जोड्ने रणनीति अपनाएपछि उपभोक्ताको सोच र व्यवहार दुवैमा परिवर्तन आएको छ । पहिले दाउरा र घाँस सङ्कलनमा सीमित उपभोक्ता अहिले बिहानदेखि बेलुकासम्म वनमै व्यस्त देखिन्छन् । वन क्षेत्रमा कागती, तेजपत्ता र अम्रिसोखेती सुरु गरिएपछि उपभोक्ताले नियमित आम्दानीसँगै सामुदायिक वन आगलागीबाट सुरक्षित भएका छन्भने बस्ती पनि आगो लाग्नबाट जोगिएका छन्।

डिपाट सामुदायिक वनका अध्यक्ष डम्बरबहादुर मोक्तान उज्यालो हुनेबित्तिकै वनमा जानुहुन्छ । उहाँको नेतृत्वमा उक्त सामुदायिक वनमा कम्पोष्ट मल र तेजपत्ताखेती भइरहेको छ। दिनमा खेती र रातमा पहरेदारीको काम गर्नु आफूहरुको दैनिकी भएको उहाँ बताउनुहुन्छ । ग्रिन फाउन्डेसन नेपालको प्राविधिक सहयोग र वन समूहको आन्तरिक कोषको करिब ३५ लाख रुपैयाँ लगानीबाट उक्त मल उत्पादनको काम सुरु गरिएको अध्यक्ष मोक्तानको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'पत्कर जलाउने परम्परा हटेपछि वन सफा भएको छ, आगो सल्किने सम्भावना घटेको छ र किसानका लागि जैविक मलको स्थायी स्रोत बनेको छ।' उहाँका अनुसार करिब १० वर्षदेखि आगलागी नभए पनि पछिल्ला सात वर्षयता पूर्ण रूप्मा आगलागी शून्य रहेको छ।

डिपाट सामुदायिक वन आज दिगो वन व्यवस्थापन र स्थानीय समृद्धिको उदाहरण बनेको अध्यक्ष मोक्तानको दाबी छ। उहाँका अनुसार कुनै समय वनभित्र थुप्रिने पात–पत्कर डढेलोको मुख्य कारण थिए। हरेक सुक्खा मौसमसँगै आगलागीको त्रास थियो । तर उपभोक्ता समूहले ती पत्कर सङ्कलन गरी कम्पोष्ट मल बनाउने निर्णय गरेपछि वन व्यवस्थापनको सोच नै फेरियो। कम्पोष्ट मल उत्पादन र बिक्रीबाट आएको आम्दानी वन संरक्षण, सरसफाइ, आगलागी नियन्त्रण पूर्वतयारी र उपभोक्ता सचेतनामा पुनः लगानी भइरहेको छ। यसले समुदायमा वनप्रतिको अपनत्व र जिम्मेवारी भावना बलियो बनाएको उहाँको भनाइ छ।

**वन जोगाउन सक्रिय उपभोक्ता**

मनहरी गाउँपालिका–७ मा अवस्थित डिपाट सामुदायिक वनसँग सिमाना जोडिएको पशुपति सामुदायिक वन क्षेत्रमा पछिल्ला वर्षहरुमा एक उदाहरणीय अभ्यास सुरु भएको छ । विद्युत् प्रसारण लाइन विस्तारका क्रममा ठूला रुख हटाइएपछि हाइटेन्सन लाइनमुनि खाली जमिन बाँकी थियो । पुनः रुख रोप्न नमिल्ने ती स्थान लामो समयसम्म प्रयोगविहीन रहे, जसका कारण झाडी बढ्ने र हिउँदयाममा आगलागीको जोखिम उच्च बन्दै गएको थियो।

तर अहिले ती बेवास्तामा परेका क्षेत्र महिलाका लागि आम्दानी र वन संरक्षण दुवैको आधार बनेका छन् । पशुपति सामुदायिक वन उपभोक्ता समूहले हाइटेन्सन लाइनमुनि जडीबुटी, अदुवा र बेसारखेती सुरु गरेपछि वन व्यवस्थापनको स्वरूप् नै फेरिएको छ। खाली जमिन उत्पादनशील बन्दा झाडी बढ्न पाएन, सुक्खा पदार्थ थुप्रिन छाड्यो र आगलागीको सम्भावना उल्लेखनीय रूप्मा घट्यो।

लालीगुराँस जडीबुटी महिला आयआर्जन समूहकी अध्यक्ष चम्पामाया परियारका अनुसार खेती सुरु भएपछि वनमा बेवास्ता हुने ठाउँ नै बाँकी रहेन । 'पहिले यहाँ झाडीमात्र हुन्थ्यो, हिउँद लागेपछि आगो लाग्ला कि भन्ने डर हुन्थ्यो,' उहाँ भन्नुहुन्छ, 'अहिले खेत बनेपछि सफाइ पनि हुन्छ, निगरानी पनि बढेको छभने आगलागीको जोखिम घटेको छ।'

दलित समुदायकी चम्पामायाका लागि यो अभ्यास आर्थिक आम्दानीभन्दा पनि सामाजिक परिवर्तनको कथा बनेको छ । सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध भएपछि उहाँले लेखपढ गर्न सिक्नुभएको छ, बैठकमा आफ्ना कुरा राख्न थाल्नुभएको छ र समूहको नेतृत्वसमेत गर्नुभएको छ। 'पहिले दलित भनेर हेयको नजरले हेरिन्थ्यो, अहिले काम र क्षमताका आधारमा चिनिन थालेकी छु,' उहाँको अनुभव छ।

समूहले खेतीसँगै वन संरक्षणलाई पनि प्राथमिकतामा राखेको छ। नियमित झाडी सफाइ, सुक्खा घाँस र पत्कर हटाउने, आगलागी हुनसक्ने स्थानमा सतर्कता अपनाउने र समुदायस्तरमा निगरानी गर्ने काम भइरहेको छ। यसले वन क्षेत्रमा डढेलो हुन नदिनेमात्र होइन, माटो मलिलो बनाउन पनि सहयोग पुगेको समूहको दाबी छ । जडीबुटीखेतीबाट बाँकी रहने जैविक पदार्थ कम्पोष्ट मलमा प्रयोग हुँदा माटोको उर्वराशक्ति बढेको छ।

वन उपभोक्ता समूहका अनुसार महिलाको सक्रिय सहभागिताले वन संरक्षण थप प्रभावकारी बनेको छ । आम्दानीसँग जोडिएपछि वन जोगाउने जिम्मेवारी पनि साझा बनेको छ। पछिल्ला वर्षमा पशुपति सामुदायिक वन क्षेत्रमा कुनै ठूला आगलागीका घटना नभएको समूहले जनाएको छ । पशुपति सामुदायिक वनको यो अभ्यासले देखाएको छ– सिर्जनात्मक सोच, महिलाको नेतृत्व र सामुदायिक सहभागिता भए वन संरक्षण र जीविकोपार्जनसँगसँगै अघि बढ्न सक्छ । बेवास्तामा परेका जमिन उत्पादनशील बनेका छन्, आगलागीको जोखिम घटेको छ र समुदायमा सामाजिक रूपन्तरणको नयाँ बाटो खुलेको छ।

**वातावरणीय फाइदाः कार्बनदेखि जैविक विविधतासम्म**

डिभिजन वन कार्यालय मनहरीका वन अधिकृत सुरेशप्रसाद गुप्ताका अनुसार सुक्खा पत्कर, हुरीबतास र मानवीय लापरवाहीका कारण हरेक वर्ष हजारौँ हेक्टर वन क्षेत्रमा आगलागी हुने गरे पनि मनहरी गाउँपालिकाका सुनाचुरी, डिपाट, पशुपति र मनकामना सामुदायिक वनमा विगत १० वर्षदेखि आगलागी नभएको र पछिल्ला सात वर्षयता पूर्ण रूप्मा शून्यमा झरेको छ । 'आगोको जोखिम उच्च मानिने क्षेत्रमा आगलागी शून्य हुनु संयोग होइन,' उहाँ भन्नुहुन्छ, 'यो सचेत योजना, सामुदायिक सहभागिता र वनलाई आम्दानीसँग जोड्ने दूरदृष्टिको परिणाम हो।'

डढेलो नलाग्दा कार्बनडाइअक्साइड, मिथेन र सुक्ष्म कणजस्ता हरितगृह ग्यासको उत्सर्जन घटेको छ, जसले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सहयोग पुर्याएको छ । जैविक मल प्रयोग बढेकाले माटोको गुणस्तर, चिस्यानधारण क्षमता र कार्बन सञ्चिति बढेको छ।

मनहरी क्षेत्रमा निर्माण गरिएका रिचार्ज पोखरीले भूजल पुनःभरण, मुहान संरक्षण, वन्यजन्तुका लागि पानीको उपलब्धता र जल सन्तुलन कायम गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्। विजयसाल, सतिसाल, दार, चिउरी र नीमजस्ता स्थानीय प्रजातिको रोपाइँ तथा लोपोन्मुख सालक (प्याङ्गोलिन) संरक्षणका प्रयासले जैविक विविधता संरक्षणलाई थप मजबुत बनाएको छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंका अनुसार वनलाई आम्दानीसँग जोडेर आगलागीजस्तो प्रमुख विनाशकारी कारक शून्यमा झारिनु सामुदायिक वनभित्रको सुशासन र दिगो विकासको स्पष्ट उदाहरण हो। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# कांग्रेस देश बदल्ने अठोटसहित आएको छः चालिसे



**काठमाडौँ।**
नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले कांग्रेस समयानुकूल नयाँ युवाका भावनासहित नवीनसहित आएको बताएका छन् । कांग्रेसले सुरुआत गरेको 'कांग्रेस डबली' संवादका क्रममा शुक्रबार आयोजित पहिलो संस्करणमा उनले बदलिएर आएको कांग्रेस गौरवपूर्ण इतिहास र भरपर्दो भविष्यका साथ निर्वाचनमा होमिएको दाबी गरे।

नवयुवाले चाहेको परिवर्तनसँगै कांग्रेसले पनि पार्टी, स्वरूप, शैली र आचरणमा परिवर्तन ल्याएको छ प्रवक्ता चालिसेले भने, 'युवा पुस्तामा कांग्रेस आएको छ । आशाको सिर्जना भएको छ। कांग्रेस बदलेको मात्र होइन, देश बदल्ने अठोटका नीतिसहित आएको छ।'

पहिलो संस्करणमा 'गैरकांग्रेसको दृष्टिमा अबको कांग्रेस' विषयमा शुक्रबार अनलाइनखबरका प्रधान सम्पादक वसन्त बस्नेतसँग संवाद गरिएको थियो।

पत्रकार बस्नेतले फरक मतको संरक्षण र सम्मान तथा अभिव्यक्ति स्वतन्त्रतालाई प्रोत्साहन गर्नेगरी आयोजना गरिएको कार्यक्रम आलोचनात्मक छलफलका लागि उत्कृष्ट रहेका बताए। उनले दलभित्र आन्तरिक लोकतान्त्रीकरण बलियो हुनुपर्नेमा जोड दिँदै कांग्रेसले नेतृत्वको अनुहार मात्र होइन, विचारसहितको परिवर्तनलाई स्थापित गर्न सुझाव दिए। रासस

# शहीद राष्ट्रका ऊर्जा र प्रेरणाका श्रोत हुन्ः गृहमन्त्री

**काठमाडौँ।**
गृहमन्त्री ओमप्रकाश आर्यालले शहीदहरू राष्ट्रका ऊर्जा, प्रेरणा र मार्गदर्शनका शाश्वत स्रोतका रूपमा रहेका बताएका छन्। राष्ट्रिय शहीद दिवसका अवसरमा शुक्रबार काठमाडौँको गोकर्णेश्वर नगरपालिका–४ मा आयोजित 'जेनजी' सुशासन योद्धा र अमर प्रहरीको विवरण समेटिएको शहीद स्मृति स्तम्भ उद्घाटन समारोहमा उनले शहीदहरूको बलिदानकै कारण आज मुलुक स्वतन्त्रता भएको धारणा राखे।

गृहमन्त्री आर्यालले मुलुकमा लोकतन्त्र, संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव हुनुको कारण शहीदहरूको बलिदान रहेको स्पष्ट पारे । उनले विभिन्न कालखण्डमा राष्ट्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीर शहीदप्रति उच्च सम्मान व्यक्त गरे। उनले भने, 'शहीदहरूको रगतले सिञ्चित यो भूमि आज स्वतन्त्र छ । उहाँहरूको बलिदानकै कारण संविधानसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । शहीदहरूले देखाएका सपना साकार पार्न वर्तमान सरकार पूर्ण रूपमा कटिबद्ध छ।'



गृहमन्त्री आर्यालले शहीद परिवारको संरक्षण, सम्मान र सहयोगलाई सरकारले सधैँ उच्च प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि राज्यको तर्फबाट आवश्यक सहयोग र सम्मान निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे । शहीद परिवारले भोग्नुपरेका समस्या समाधान गर्न सरकार गम्भीरतापूर्वक लागिपरेको उनको भनाइ छ।

विभिन्न समयमा देशका लागि आफ्नो ज्यान अर्पण गर्ने सम्पूर्ण अमर शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु गृहमन्त्री आर्यालले भने, 'जेनजी आन्दोलनका शहीदसहित सबै शहीद परिवारलाई सरकारले सधैँ उच्च सम्मान प्रदान गर्नेछ । उहाँहरूका पीडा र समस्या समाधान गर्नु सरकारको प्रमुख दायित्व हो।'

गृहमन्त्री आर्यालले वर्तमान सरकार नागरिकमैत्री सरकार भएको उल्लेख गर्दै यो सरकारले सधैँ नागरिकसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले कठिन परिस्थितिमा अभिभावकविहीन महसुस गरेका नागरिकका लागि सरकारले अभिभावकको भूमिका निर्वाह गरिरहेको दाबी गरे।

उनले सुशासन, शान्ति सुरक्षा, सामाजिक न्याय र नागरिकको जीवनस्तर उकास्ने कार्यमा सरकार केन्द्रित रहेको जिकिर गरे । शहीदहरूको त्याग र बलिदानलाई स्मरण गर्दै त्यसबाट प्रेरणा लिई राष्ट्र निर्माणमा सबै नागरिक एकजुट हुनुपर्नेमा उनले जोड दिए । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी, शहीद परिवारका सदस्य, सामाजिक अभियन्ता तथा सर्वसाधारणको उपस्थिति थियो । रासस

# सुव्यवस्थित निर्वाचनसम्बन्धी अवधारणा जारी




**काठमाडौँ।**
गृह मन्त्रालयले वडातहमा क्रियाशील राजनीतिक दलका पदाधिकारी एवं प्रबुद्ध व्यक्तिको सहभागितामा स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने अवधारणा तयार गरेको छ।

मन्त्रालयले 'सुव्यवस्थित निर्वाचन व्यवस्थापनका लागि वडा तहसम्म समन्वय र सहकार्य अभिवृद्धि गर्नेसम्बन्धी अवधारणा, २०८२' जारी गरिसकेको छ।

निर्वाचनका सबै प्रक्रियामा राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र एवं प्रबुद्ध व्यक्तिको भूमिका महत्वपूर्ण रहने तथ्यलाई मध्यनजर गर्दै मन्त्रालयले सो अवधारणा ल्याएको हो । अवधारणा कार्यान्वयनका लागि मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचारसमेत गरेको छ।

वडा तहमा रहेका राजनीतिक व्यक्ति, पदाधिकारी एवं प्रबुद्ध व्यक्तिलाई निर्वाचन व्यवस्थापनलगायत कार्यमा समावेश गराइ निर्वाचनमा निजको अपनत्व अभिवृद्धि गरी गराई निश्पक्ष निर्वाचन सम्पन्न गर्ने अभिप्रायले अवधारणा सार्वजनिक गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए।

अवधारणा कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका सबै पदाधिकारीलाई जिम्मेवार बनाइएको छ। रासस

# व्यास नगर अल्ट्रा म्याराथनमा सेनाको बर्चस्व



**दमौली।**
व्यास नगरपालिकाले शहीद दिवसको अवसरमा शुक्रबार आयोजना गरेको अल्ट्रा म्याराथनमा नेपाली सेनाले बर्चस्व कायम गरेको छ । व्यास नगरपालिका–५ मानुङकोटदेखि वडा–८ पुलिमराङसम्मको ४४ किलोमिटर दूरीको म्याराथनमा प्रथम, द्वितीय र तृतीय नेपाली सेनाका धावक भएका छन्।

प्रतियोगितामा बझाङका करन रावल प्रथम भए । रावलले उक्त दूरी दुई घण्टा ४८ मिनेट २७ सेकेन्डमा पूरा गरे।

त्यस्तै रामेछापका तिलकबहादुर सुनुवारले दुई घण्टा ५८ मिनेटमा निर्धारित दूरी पूरा गर्दै द्वितीय स्थान हासिल गरे। रामेछापकै होमलाल श्रेष्ठले तीन घण्टा चार मिनेटमा दूरी पार गर्दै तृतीय स्थान हासिल गरे।

प्रतियोगितामा प्रथम हुनेलाई रु ८५ हजार ८२, द्वितीय हुनेलाई रु ६५ हजार ८२, तृतीय हुनेलाई रु ५५ हजार ८२ पुरस्कार प्रदान गरिएको छ। म्याराथन मानुङकोट सिद्धमार्ग हुँदै अलैचे–चापाघाट–अनसन चौतारी–सफासडक–भोर्लेटार चोक–बैरेनी–दुम्सी–कलेस्ती–पाथ्रा–सत्रसय–बानियाँ डिही–बर्लाची–सोतीवेशी–बगुवा रिस्ती–बाहुन पोखरा हुँदै व्यास नगरपालिका–८ पुलिमराङमा पुगेर सकिएको थियो।

म्याराथनको उद्घाटन गर्दै गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले म्याराथनले दुई गाउँलाई चिनाउन सहयोग पुगेको बताए । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले मानुङकोटलाई उच्च प्राथमिकतामा राखेको बताउँदै खेलकुदका माध्यमबाट दुई गाउँ जोड्ने प्रयास गरिएको बताए।

मगर समुदायको बसोबास रहेको मानुङकोट र गुरुङ समुदायको बसोबास रहेको सहिदभूमि पुलिमराङ जोड्ने अल्ट्रा म्याराथनले नगरपालिकाका छ वडालाई समेत प्रत्यक्ष जोडेको छ। रासस

# कला प्रदर्शनी र कलाकार संवाद कार्यक्रम



**काठमाडौँ।**
नेपालस्थित पाकिस्तानी दूतावासमा 'नेपाली कलाकारको ब्रसबाट पाकिस्तानका रङहरू' शीर्षकमा कला प्रदर्शनी तथा कलाकार संवाद कार्यक्रम आयोजना गरिएको छ । प्रदर्शनीमा नेपाली कलाकार बिधाता केसीका कृतिहरू प्रदर्शन गरिएको थियो। केसीका अनुसार उहाँका कृत्ति पाकिस्तान भ्रमण र त्यहाँका अनुभवबाट प्रेरित थिए।

त्यस अवसरमा नेपालका लागि पाकिस्तानका राजदूत अबरार हाश्मीले कलाकारको उत्कृष्ट कार्य तथा नेपाली दृष्टिकोणबाट पाकिस्तानको सृजनात्मक प्रस्तुतीकरणको सराहना गरेका थिए। उनले सांस्कृतिक कूटनीति पाकिस्तान–नेपाल सम्बन्धको एक महत्वपूर्ण स्तम्भ रहेको उल्लेख गर्दै दूतावास साझा इतिहास, संस्कृति तथा पारस्परिक समझदारी प्रवद्र्धनप्रति प्रतिबद्ध रहेको बताएका थिए।

कलाकार केसीले पाकिस्तानमा सम्पन्न 'दक्षिण एसियाली देशहरूका लागि कलाकार आवासीय कार्यक्रम' मा सहभागिताको आफ्नो अनुभव सुनाएका थिए । उनले पाकिस्तानका विभिन्न स्थानको भ्रमणका क्रममा प्राप्त गरेका समृद्ध कलात्मक, सांस्कृतिक तथा सामाजिक छापहरूले आफ्ना सिर्जनामा कसरी प्रेरणा दिएकाबारे बर्णन गरेका थिए । उनले पाकिस्तानको कला र संस्कृतिप्रति प्रशंसा व्यक्त गर्दै आफ्नो बसाइका क्रममा प्राप्त आतिथ्यताप्रति धन्यवाद दिए।

कार्यक्रममा अन्य अतिथिहरूले कार्यक्रम आयोजनाका लागि पाकिस्तान दूतावासको प्रयासको प्रशंसा गर्दै कलाकार केसीका कृतिहरूमा झल्किएको कलात्मक उत्कृष्टता तथा भावपूर्ण अभिव्यक्तिको सराहना गरेका थिए।

सो अवसरमा आगामी ५ देखि ७ फेब्रुअरी २०२६ सम्म काठमाडौँमा पाकिस्तान फुड फेस्टिभल आयोजना गरिने घोषणासमेत गरिएको थियो । यसले नेपाली जनतालाई पाकिस्तानको समृद्ध सांस्कृतिक सम्पदा तथा परिकार परम्पराको स्वाद लिन अर्को अवसर प्रदान गर्ने बताइएको छ।

कार्यक्रममा कला प्रेमी, कलाकार, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी, सामाजिक सञ्जाल प्रभावक तथा पाकिस्तान दूतावासका कर्मचारी र परिवारजनको उपस्थिति थियो । विविध पृष्ठभूमिका सहभागीहरूको उपस्थितिले नेपाल र पाकिस्तानबीचको सांस्कृतिक आदानप्रदान तथा जनस्तरको सम्बन्धप्रतिको चासोलाई झल्काएको थियो। रासस

# विधिको शासन, जनउत्तरदायी राज्य र कर्मशील नागरिकबाट शहीदका सपना पूरा हुन्छः रास्वपा




**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले विधिको शासन, जनउत्तरदायी राज्य र कर्मशील नागरिकबाट मात्र शहीदका सपना पूरा हुने उल्लेख गरेको छ । शहीद दिवसको अवसरमा शुक्रबार शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्दै जारी गरेको सन्देशमा रास्वपाले शहीद दिवसले सुशासन र समृद्धिको यात्रामा एकताबद्ध हुन प्रेरणा दिने अपेक्षासमेत व्यक्त गरेको छ।

सन्देशमा शहीदहरूको बलिदान राजनीतिक परिवर्तन मात्र नभई सुशासन, न्याय र समृद्धिसँग जोडिएको उल्लेख गरिएको छ । सन्देशमार्फत पार्टीका उपसभापति डोलप्रसाद (डीपी) अर्यालले आगामी फागुन २१ गतेको निर्वाचनलाई नयाँ आशा र नेतृत्व उदयको प्रस्थान विन्दुका रूपमा समेत व्याख्या गरेका छन्।

निरंकुश राणाशासनको अन्त्यसहित नेपालको राजनीतिक आन्दोलन एवं जनअधिकार प्राप्ति र सामाजिक न्यायका लागि भएका संघर्षहरूमा अमूल्य जीवन आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरुको गहिरो स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं सन्देशमा भनिएको छ शहीदको बलिदानको वास्तविक सम्मान भनेको राष्ट्रिय स्वाभिमान, एकता र जनअपेक्षाको यथोचित सम्बोधन हो। रासस

# शहीदहरुप्रति सम्मान गर्न मुख्यमन्त्रीको आग्रह

**विराटनगर।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नागरिक स्वतन्त्रता, लोकतन्त्र र गणतन्त्र प्राप्तिका लागि विभित्र समयमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण वीर शहीदप्रति उच्च सम्मान र श्रद्धासुमन अर्पण गरेका छन् । उनले शुक्रबार एक विज्ञप्ति जारी गर्दै नेपालको परिवर्तनको आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरी त्यसलाई संस्थागत गर्न योगदान गर्ने अग्रजप्रति सम्मान र आदर भाव व्यक्त गरेका हुन् । उनले जहानियाँ निरङ्कुश राणाशासन ढाल्नका लागि चार शहीदले देखाएको वीरता नेपाली इतिहासको आधार स्तम्भ हो भत्रु भएको छ। विज्ञप्तिमा भनिएको छ 'विसं २००७ देखि आजसम्म भएका हरेक निरङ्कुशता विरोधी आन्दोलन यही प्रेरणाको जगमा भएका छन्। पञ्चायती व्यवस्था



विरुद्धको २०४६ सालको जनआन्दोलन होस् वा २०६२÷६३ को ऐतिहासिक जनआन्दोलन सबैमा सहिदको त्यही पे्ररणा जीवन्त रह्यो।'

उनले अहिले व्यवस्थामाथि भइरहेको प्रहारलाई उत्तेजनामा नभइ संयम, धैर्य र इमन्दारिताका साथ विवेकपूर्ण ढङ्गले लोकतान्त्रिक गणतन्त्र र संविधानलाई बचाउने प्रतिबद्धताकासाथ उभिन आग्रह गरेका छन् । 'हाम्रा अभिमतहरु पनि हाम्रो संविधान र व्यवस्था पक्षमा प्रकट हुनु पर्दछ, संविधानको जगमा उभिएर कमीकमजोरी सच्याउँदै सहिदले देखाएको बाटो र सपना साकार पार्न अघि बढ्नु आजको आवश्यकता हो', मुख्यमन्त्री कार्कीले भनेका छन्।

उनले सहिदको सम्मान एकताबद्ध भई समृद्ध र समुत्रत राष्ट्र निर्माणमा दृढ सङ्कल्प तथा अठोटका साथ लाग्न सबैलाई आह्वान गर्दै गरे। रासस

# मञ्जनको निगरानी र गुणस्तर जाँच गर्न माग

**काठमाडौँ।**
बजारमा बिक्रीवितरण भइरहेको मञ्जनको निगरानी र गुणस्तर जाँच गरी कारबाहीको◌ दायरामा ल्याउन र आवश्यक मापदण्ड लागू गर्न नेपाल डेन्टल साइन्स हाइजेनिस्ट एसोसिएसनले माग गरेको छ।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै एसोसिएसनले चार हप्ताभन्दा बढी प्रयोग गर्न नमिल्ने औषधिजन्य मञ्जनसमेत खुला र लामो समय प्रयोग गर्नाले जनताको स्वास्थ्यमा गम्भीर असर गर्ने उल्लेख गरेको छ।

एसोसिएसनका अध्यक्ष माइकल देवकोटाले एसोसिएसनले २०७९ सालदेखि बजारमा पाइने मञ्जनको गुणस्तरबारे जाँच गर्न र यसको बनावटबारेमा यथाशक्य छानबिन गर्न मन्त्रालय र औषधि व्यवस्था विभागमा धेरै पटक माग गर्दा समेत हालसम्म कुनै पनि मापदण्ड नबनेको बताए।

उनका अनुसार एकातिर दैनिक प्रयोग गरिने मञ्जनहरुको गुणस्तरका बारेमा राज्य अनभिज्ञ हुनु र अर्को तिर विभिन्न परिषद् र काउन्सिलमा दर्तावाल दन्त जनशक्तिको सिफारिसमा मात्र बिक्री वितरण गर्नुपर्ने औषधिजन्य मञ्जनहरु खुला सुपर मार्केटमा बिक्री वितरण गरिनुले जनताको स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न गरिरहेको छ। उनले भने, 'जनताको मुख स्वास्थ्य र समग्र स्वास्थ्यप्रति राज्यको उपस्थिति र चासोमा गम्भीर देखिएन ।' रासस

# पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनमा



**काठमाडौँ ।**
मुलुकको वित्तीय प्रणालीलाई सबल, सुदृढ र समावेशी बनाउँदै समग्र आर्थिक समृद्धिमा योगदान बढाउने उद्देश्यसहित पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनमा आएको छ ।
आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्म लागू हुने उक्त रणनीतिले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा वित्तीय क्षेत्रको योगदान हालको ६.६५ प्रतिशतबाट बढाएर ७.५ प्रतिशत पुर्याउने लक्ष्य लिएको हो । साथै कुल जनसंख्याको ६० प्रतिशतसम्म बिमाको पहुँच विस्तार गर्ने लक्ष्यसमेत रणनीतिमा समेटिएको छ ।
अर्थ मन्त्रालयले तयार पारेको उक्त रणनीतिले वित्तीय क्षेत्रलाई दिगो, समावेशी र उत्थानशील बनाउँदै आर्थिक समृद्धिको आधार तयार गर्ने दूरदृष्टि अघि सारेको छ । रणनीतिमा 'आर्थिक समृद्धिका लागि सबल, सुदृढ, समावेशी र उत्थानशील वित्तीय क्षेत्र'लाई मूल दृष्टिकोणका रूपमा परिभाषित गरिएको छ ।
रणनीतिका उद्देश्यहरू दिगो तथा समावेशी आर्थिक विकासका लागि सक्षम र कुशल वित्तीय क्षेत्र विकासमा केन्द्रित छन् । वित्तीय प्रणालीलाई सुरक्षित, सबल, विश्वसनीय र स्थिर बनाउने, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्दै सुशासन कायम गर्ने, वातावरण तथा प्रविधिमैत्री वित्तीय सेवाको विस्तार गर्ने, वित्तीय साक्षरता, पहुँच र ग्राहक संरक्षणमार्फत समावेशी वित्तीय प्रणाली निर्माण गर्ने प्रमुख उद्देश्यहरू रणनीतिमा उल्लेख छन् ।
यी उद्देश्य हासिल गर्न रणनीतिले केही मार्गदर्शक सिद्धान्तसमेत तय गरेको छ । वित्तीय क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा, सुशासन र स्थायित्व कायम गर्नु, सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीच परिपूरक भूमिका सुनिश्चित गर्नु, सूचना प्रविधिको सुरक्षित र उच्चतम प्रयोग गर्नु, वित्तीय संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरण गर्नु, समावेशी तथा वातावरणमैत्री वित्तीय सेवाको विकास गर्नु, अनुसन्धान, विकास र नवीन अभ्यासलाई प्रोत्साहन गर्नु तथा ग्राहकहित संरक्षणलाई प्राथमिकतामा राख्नु रणनीतिका मुख्य सिद्धान्त हुन् ।
रणनीतिक रूपमा चार मुख्य स्तम्भ निर्धारण गरिएको छ । पहिलो स्तम्भ दिगो तथा समावेशी आर्थिक विकास हो । यसअन्तर्गत वित्तीय पूर्वाधार र क्षमता विकासमार्फत वास्तविक क्षेत्रको सुदृढीकरणमा जोड दिइएको छ । दोस्रो स्तम्भ वित्तीय पहुँच तथा समावेशीकरण हो । यसले बैंकिङ, बिमा र पुँजी बजार तथा सेवाहरू ग्रामीण तथा सीमान्तकृत समुदायसम्म पुर्याउने लक्ष्य राखेको छ ।
तेस्रो स्तम्भ वित्तीय साक्षरता तथा ग्राहक संरक्षणसँग सम्बन्धित छ । यसले वित्तीय सेवाको सुरक्षित र सचेत उपयोग सुनिश्चित गर्ने अपेक्षा गरेको छ । चौथो स्तम्भ वित्तीय क्षेत्र सुदृढीकरण तथा वित्तीय स्थायित्व रहेको छ । यसबाट वित्तीय प्रणालीप्रति जनविश्वास अभिवृद्धि गर्दै दीर्घकालीन स्थायित्व कायम गर्ने लक्ष्य राखिएको छ ।
रणनीतिमा उल्लेख गरिएअनुसार यो कार्यान्वयनमा आएसँगै विभिन्न परिमाणात्मक लक्ष्यहरू हासिल हुने अपेक्षा गरिएको छ । आव २०८६÷८७ सम्म बैंकिङ प्रणालीबाट प्रवाहित कृषि कर्जा कुल कर्जाको १५ प्रतिशत पुर्याइने लक्ष्य लिइएको छ । जुन हाल १२.८४ प्रतिशत हाराहारी रहेको छ । मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, डिजिटल वालेट, क्यूआर कोडलगायत माध्यममार्फत हुने विद्युतीय कारोबारको सङ्ख्या तीन गुणासम्म वृद्धि गर्ने लक्ष्य लिइएको छ ।
त्यसैगरी वित्तीय पहुँचसम्बन्धी सूचक विकास गरी वार्षिक रूपमा प्रकाशन गर्ने, ग्रीन बन्डलगायत विशिष्टिकृत बन्ड जारी गरी वित्तीय स्रोत सङ्कलन गर्ने, विद्युतीय भुक्तानीका लागि 'अनस्ट्रक्चर्ड सप्लिमेन्ट्री सर्भिस डाटा' (युएसएसडी) प्रविधि कार्यान्वयनमा ल्याउने रणनीतिमा उल्लेख छ ।
कुल जनसंख्याको ६० प्रतिशतमा बिमाको पहुँच पुर्याउने, बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरीवेक्षण संयन्त्र विकास गर्ने, पुँजी बजारमा इक्विटी डेरिभेटिभ्स, इन्डेक्स फन्ड र इटिएफजस्ता नयाँ वित्तीय उपकरण प्रवेश गराउने तथा वस्तु विनिमय बजार सञ्चालनमा ल्याउने लक्ष्यसमेत रणनीतिमा समावेश गरिएको छ ।
त्यसैगरी, रणनीति कार्यान्वयनका लागि अर्थ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सम्बन्धित नियामक निकायहरूले दुई महिनाभित्र विस्तृत कार्ययोजना तयार गर्ने व्यवस्था गरिएको छ । कार्ययोजनामा रणनीति, कार्य, समयसीमा, कार्यान्वयन निकाय, प्राथमिकता र प्रमुख कार्यसम्पादन सूचक समावेश गरिनेछ । साथै कार्यान्वयनको जिम्मेवारी स्पष्ट रूपमा तोक्दै नियमित अनुगमन र प्रतिवेदन प्रणाली विकास गरिनेछ ।
वित्तीय क्षेत्रमा देखिएका संरचनागत र नीतिगत समस्याको समाधान तथा नियामक निकायहरूबीच प्रभावकारी समन्वयका लागि उच्चस्तरीय वित्तीय क्षेत्र सुधार निर्देशक समिति गठन गरिनेछ ।
अर्थमन्त्रीको संयोजकत्वमा रहने उक्त समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका सचिव, नेपाल बिमा प्राधिकरणका अध्यक्ष, नेपाल धितोपत्र बोर्डका अध्यक्ष, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा सहकारी विभागका रजिष्ट्रार, साथै वित्तीय क्षेत्रका दुई जना विज्ञ सदस्य रहने व्यवस्था गरिएको छ । रासस

# क्युबालाई तेल आपूर्ति गर्ने देशमाथि ट्रम्पको कर धम्की



**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबालाई तेल बेच्ने वा आपूर्ति गर्ने देशहरूबाट आयात हुने सबै वस्तुमा कर लगाउने कार्यकारी आदेशमा बिहीबार हस्ताक्षर गरेका छन् । यस कदमले क्युबाको प्रमुख तेल आपूर्तिकर्तामध्ये एक मानिएको मेक्सिकोमाथि विशेष दबाब पर्ने देखिएको छ । मेक्सिकोले क्युबाप्रति ऐक्यबद्धता देखाउँदै आएको भएपनि हाल ट्रम्प प्रशासनसँग सम्बन्ध सन्तुलनमा राख्न खोजिरहेको छ ।
पत्रकारहरूले क्युबालाई 'दबाउने' प्रयास भइरहेको हो कि भन्ने प्रश्न गर्दा ट्रम्पले त्यस्तो शब्द कडा भएको बताउँदै क्युबा दीर्घकालीन रूपमा टिक्न नसक्ने अवस्थामा देखिएको टिप्पणी गरेका थिए । क्युबाका विदेशमन्त्री ब्रुनो रोड्रिगेज र अन्य अधिकारीहरूले आदेशको कडा निन्दा गरेका छन् । उनले यसलाई क्युबा र क्युबाली जनतामाथि गरिएको क्रुर आक्रमणको संज्ञा दिँदै अमेरिकी नाकाबन्दी नीतिमा अन्य देशलाई जबरजस्ती सहभागी गराउन दबाब र धम्की प्रयोग गरिएको आरोप लगाएका छन् ।
गहिरो ऊर्जा र आर्थिक सङ्कटमा परेको क्युबा मेक्सिको, रूस र भेनेजुएला जस्ता सहयोगी राष्ट्रबाट आउने तेल आपूर्तिमा निर्भर रहँदै आएको छ ।
अमेरिकी प्रतिबन्ध र भेनेजुएलासँग सम्बन्धित पछिल्ला घटनापछि क्युबामा जाने तेल आपूर्ति घट्ने आशङ्का बढेको छ । मेक्सिकोको सरकारी तेल कम्पनी पेमेक्सका अनुसार सन् २०२५ को सुरुदेखि सेप्टेम्बरसम्म क्युबामा दैनिक करिब २० हजार ब्यारेल तेल पठाइएको थियो । तर पछिल्ला हप्तामा यो मात्रा उल्लेखनीय रूपमा घटेको ऊर्जा विज्ञहरूले बताएका छन् ।
मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले तेल ढुवानी अस्थायी रूपमा रोकिनु सामान्य उतारचढावको परिणाम भएको र अमेरिकी दबाबका कारण नभएको बताएका छन् । उनले मेक्सिको क्युबाप्रति मानवीय सहयोग जारी राख्न प्रतिबद्ध रहेको जनाएका हुन्, तर भविष्यको आपूर्तिबारे स्पष्ट धारणा सार्वजनिक गरेका छैनन् ।
ट्रम्प र सेनबामबीच बिहीबार फोन वार्ता भएपनि क्युबाको विषयमा छलफल नभएको मेक्सिको पक्षको भनाइ छ । यद्यपि मेक्सिकोले अमेरिका र क्युबाबीच मध्यस्थको भूमिका खेल्न इच्छुक रहेको बताइएको छ ।
ट्रम्पको आदेशले क्युबाको ऊर्जा आपूर्ति र क्षेत्रीय राजनीतिमा कस्तो प्रभाव पार्ने भन्ने अझै स्पष्ट छैन । क्युबामा भने इन्धन अभावको चिन्ता बढ्दै गएको छ र पेट्रोलका लागि लामो लाइन देखिन थालेका छन् । क्युबाली अधिकारीहरूले दशकौँदेखि जारी आर्थिक दबाब असफल हुँदै आएको र नयाँ आदेशले नाकाबन्दीलाई थप कडा बनाएको प्रतिक्रिया दिएका छन् । रासस

# अन्यत्र सकिएपछि बाँसखर्कको सुन्तलाको मूल्य दोब्बर



**म्याग्दी ।**
अन्यत्रको निख्रिएपछि सुन्तला टिप्न थालेका पर्वतको जलजला गाउँपालिका–१ बाँसखर्कका किसानले दोब्बर मूल्य पारेका छन् । अन्यत्रका किसानले सरदर प्रतिकिलो रु ७० देखि ८० का दरले सुन्तला बिक्री गरेर सकिसकेपछि बाँसखर्कका किसानले माघ लागेपछि टिप्न थालेका छन् । हाल प्रतिकिलो रु एक सय ६० का दरले बिक्री भइरहेको बाँसखर्कको सुन्तलाको भाउ दैनिकजसो उकालो चढिरहेको अगुवा किसान जगतबहादुर खत्रीले बताए ।
'देशका अन्य ठाउँको बगैँचा रित्तिएपछि व्यापारीले बाँसखर्कको सुन्तला किनेर लैजान थालेका छन्', उनले भने, 'माघ महिनासम्म बगैँचामा राखिने भएकाले बाँसखर्कको सुन्तलाले राम्रो बजारभाउ पाएको हो । माघको अन्तिममा प्रतिकिलो रु दुई सयसम्ममा सुन्तला बिक्री हुन्छ ।'
पोखरा, काठमाडौँ र चितवनका ठूला व्यापारी बाँसखर्कमा सुन्तला किन्न आएका छन् । समुद्री सतहदेखि एक हजार १०० देखि एक हजार ९०० मिटर उचाइमा रहेको बाँसखर्कका २३९ मध्ये २०० घरपरिवारले सुन्तलाखेती गरेका छन् । एउटा परिवारले वार्षिक कम्तीमा रु पाँच लाखको सुन्तला बेच्छन् । बाँसखर्कमा ५३ वर्षअघि बलबहादुर अर्मजा र बलबहादुर खत्रीले सुन्तलाका बिरुवा लगाउँदा तप्केनी भई खेतीबाली बिग्रन्छ भनेर छिमेकीले उखेलेर फालिदिएका थिए । बाँसखर्कमा व्यावसायिक सुन्तलाखेती भित्र्याउँदा काडा रोपेर खेतबारी बिगार्न खाजेको आरोप खेपेका उनीहरु अहिले जीवित नरहेपनि समाजले सम्झिरहेको छ । अर्मजा र खत्रीको गाउँलाई समृद्ध, आत्मनिर्भर बनाउने पाँच दशकअघिको योजनाको लाभ उनका सन्ततिले मात्र नभएर सिङ्गो बासखर्कवासीले लिएका छन् ।
'हाम्रा बुबाले २०२८ सालमा रोपेको सुन्तलाको बिरुवा उखेलेर फालिदिएछन्, पछि २०३२ सालमा ल्याएर रोपेको बिरुवाले अहिले पनि फल दिइरहेको छ', बलबहादुर खत्रीका छोरा नरबहादुरले भने, 'बुबा बितेर गएको २२ वर्ष भयो, मैले र भाइले बर्सेनि रु १० देखि १३ लाखका दरले सुन्तला बेच्छौँ । बुबाको पेन्सन हामीले खाइरहेका छौँ । सुन्तलाखेतीले बासखर्कवासीको आर्थिक र सामाजिक हैसियत फेरिएको छ ।'
बाँसखर्कको एक हजार ५०० रोपनी जग्गामा सुन्तलाखेती भएको छ । यस वर्ष रु २० करोड मूल्यबराबरको सुन्तला उत्पादन हुने अनुमान गरिएको छ । बाँसखर्कमा ५१ हजार १५१ सुन्तलाका बोट छन् । विसं १९९७÷९८ तिर बजारमारे र विरमारेमा सोखका लागि करेसाबारीमा एकदुई बोट सुन्तला लगाएका थिए । व्यावसायिक चेतनाको विकास र कृषि विकास बैंकले ऋण दिन थालेपछि बाँसखर्कमा २०३० को दशकमा सुन्तलाखेती विस्तार हुन थालेको अगुवा किसान बताउँछन् ।
लुम्लेको कृषि अनुसन्धान केन्द्रमा काम गर्ने बाँसखर्कका सेवानिवृत्त गोर्खा सैनिकहरुको पहलमा सुन्तलाका बिरुवाको बजारीकरण हुने भएकाले केही किसानले नर्सरी पनि सञ्चालन गरेका थिए । वार्षिक रु २३ लाखको सुन्तला बेच्ने शान्तबहादुर छिन्तेल आफूहरुको आर्थिक हैसियतमा धेरै परिवर्तन आएको बताए । 'धान, कोदो र मकैखेती गरेर छ महिना पनि खान पुग्दैनथ्यो, छोराछोरी पढाउन र घरव्यवहार चलाउन विदेश जानुपर्ने बाध्यता थियो', उनले भने, 'अहिले आफू आत्मनिर्भर र स्वरोजगार भएर पनि अरुलाई समेत बगैँचामा काम दिन सक्ने भएका छौँ ।'
बाँसखर्कको एक हजार ५०० रोपनी क्षेत्रफलमा ५१ हजार १५१ सुुन्तलाका बोट छन् । सर्वेक्षणको नेतृत्व गरेका बाँसखर्कको ज्योतिमण्डल माविका प्रअ मेखबहादुर खत्रीले यस वर्ष २६ हजार ७०६ बोटमा करिब रु २० करोडको सुन्तला उत्पादन भएको बताए । गत वर्ष रु १८ करोड, २०८० मा रु ११ करोड र त्यसअघिको वर्ष रु १० करोडबराबरको सुन्तला बिक्री भएको थियो । क्षेत्रफल विस्तार, फल लाग्ने नयाँ बिरुवा थपिएको, बगैँचा व्यवस्थापन, अनुकूल मौसम, दाना झर्ने समस्या कम भएको र दाना धेरै लागेकाले उत्पादन बढेको हो ।
'थप २४ हजार ४४५ सुुन्तलाको बोट बगैँचामा हुर्किरहेका छन्', खत्रीले भने, 'सुन्तलाखेतीबाट एउटा परिवारले वार्षिक रु चार लाखदेखि ४० लाखसम्म आम्दानी गर्छन् ।' सबै बोटले फल दिँदा केही वर्षमा उत्पादन दोब्बर बढेर झन्डै रु ४० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ ।
बाँसखर्कका किसानले धान, कोदो, मकै, गहुँखेतीको विकल्पमा सुन्तलाखेती गरेका छन् । पहिले बाँसको जङ्गल भएको र हिउँदमा गाईभैँसी, भेडाबाख्राको गोठ राख्ने भएकाले बाँसखर्क रहन गएको किंवदन्ती छ । पुरानो बाँसखर्कको पाखो अहिले सुन्तलाखर्कमा परिणत भएको छ ।
सुन्तला बगैँचा अवलोकन गर्न पर्यटक आउँछन् । म्याग्दी र पर्वतलाई समेटिएको अन्नपूर्ण–धवलागिरि सामुदायिक पर्यावरणीय पदमार्गको प्रवेशविन्दु बाँसखर्क हो । माथिल्लो बाँसखर्कमा घरबास सञ्चालन भएको छ । रासस

# भारतमा ९ वटा ब्रिटिस विश्वविद्यालय स्थापना गरिँदै

**नयाँदिल्ली ।**
बेलायत भारत शैक्षिक सहयोग नयाँ चरणमा प्रवेश गर्न तयार भए सँगै नौ वटा बेलायती विश्वविद्यालयहरूले भारतमा क्याम्पसहरू स्थापना गर्ने तयारी गरिरहेको जनाइएको छ । प्रविधिको विकासले उच्च शिक्षा, प्रतिभा विकास र रचनात्मक उद्योगहरूमा दीर्घकालीन साझेदारी निर्माण गर्ने व्यापक रणनीति प्रतिबिम्बित गरेको जनाइएको छ।
ब्रिटिस काउन्सिलका प्रतिनिधि एलिसन ब्यारेटलाई उद्दृत गर्दै एएनआईले रचनात्मक अर्थव्यवस्थामा बढ्दो सहकार्यको रूपान्तरणकारी सम्भावनालाई प्रकाश पारेको छ । उनले विद्यार्थी, विचार र विशेषज्ञताको दुई तर्फी सहयोग प्रवाहलाई जोड दिदै यसलाई नयाँ क्याम्पसहरूले पनि आतमसाथ गर्ने अपेक्षा गरेएको छ।
भारतीय भूमिमा ब्रिटिस विश्वविद्यालयहरूको उपस्थिति शिक्षामा पहुँच विस्तार गर्ने मात्र नभई शैक्षिक समुदाय र उद्योगले नजिकबाट काम गर्ने एकीकृत वावावरण सिर्जना गर्नु रहेको ब्यारेटले उल्लेख गरेका छन् । उनले पोडकास्टिङ, फिल्म निर्माण, फेसन र डिजाइन जस्ता रचनात्मक क्षेत्रहरूलाई सहकार्यका लागि उपयुक्त क्षेत्रका रूपमा औंल्याए।
यो पहल भारतको उच्च शिक्षा क्षेत्रलाई अन्तर्राष्ट्रियकरण गर्ने भारतको प्रयाससँग मेल खाने र आफूलाई नवीनता र रचनात्मक प्रतिभाका लागि विश्वव्यापी रूपमा स्थापित गर्ने जनाइएको छ। बेलायतका लागि, यसले आफ्नो शैक्षिक कार्यक्रम विस्तार गर्ने, विविध विद्यार्थी समूहहरूलाई आकर्षित गर्ने, र विश्वव्यापी शिक्षा बजारमा प्रतिस्पर्धी रहने तरिका प्रदान गर्ने जनाइएको छ।
जुन विशुद्ध रूपमा निर्यात – संचालित हुनुको सट्टा बढ्दो सहयोगी छ।
ब्यारेटका अनुसार, साझेदारीले संयुक्त स्नातकोत्तर र स्नातक कार्यक्रमदेखि लिएर संरचित इन्टर्नशिप मार्गहरू खुला गरी बेलायती विद्यार्थीहरूलाई भारतको क्षेत्रहरूमा अनुभव प्राप्त गर्न अनुमति दिन्छ । उहाँले गतिशीलता सम्बन्धको केन्द्रबिन्दु हुने बताउदै विद्यार्थीहरू दुई देशहरू बीच आदान प्रदान गर्ने संस्थाहरू मिलेर पाठ्यक्रम डिजाइन गर्ने काम गरिरहेको बताएका छन् । रासस

# स्कटल्यान्डमाथि बङ्गलादेशको फराकिलो जित



**काठमाडौँ ।**
आइसिसी महिला–टी २० विश्वकप ग्लोबल छनोट प्रतियोगिता अन्तर्गत शुक्रबार त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सम्पन्न सुपर सिक्स चरणको खेलमा बङ्गलादेशले स्कटल्यान्डमाथि ९० रनको फराकिलो जित हात पारेको छ।
यसअघि नै महिला विश्वकप प्रतियोगिताका लागि छनोट भइसकेको बङ्गलादेशले आजको खेलमा छनोट प्रतियोगिताकै सर्वाधिक १९१ रन बनाएको थियो । जसमा कप्तान निगर सुल्तानाले अर्धशतकीय पारि खेल्दै ५६ रन बनाइन् भने शोभना मोस्तारीले ४७ र जुअरिया फरडोसले २२ रन जोडे।
कठिन लक्ष्य पछयाउने क्रममा स्कटल्यान्डले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १०१ रन मात्र बनाउन सक्यो । उसलाई सस्तैमा समेट्न बङ्गलादेशकी मारुफा अख्तरले तीन र सोर्ना अख्तरले दुई विकेट लिएका थियो। रासस

# बङ्गलादेश – पाकिस्तान प्रत्यक्ष उडान पुनः सुरु

**ढाका।**
बङ्गलादेशको राष्ट्रिय ध्वजावाहक विमान बङ्गलादेश एयरलाइन्सले १० वर्ष भन्दा लामो समय अन्तराल पछि राजधानी ढाकाबाट पाकिस्तानको कराचीका लागि प्रत्यक्ष उडान पुनः सुरु गरेको जनाइएको छ।
ढाकाबाट सुरुवाती उडान, बीजी – ३४१ हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलबाट कराचीका लागि बिहीबार स्थानीय समय अनुसार बेलुका करिब ८ बजे १३८ यात्रु बोकेर भएको थियो।
बङ्गलादेशको नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयका सल्लाहकार शेख बशीर उद्दीन र बङ्गलादेशका लागि पाकिस्तानका उच्चायुक्त इमरान हैदरले संयुक्त रूपमा रिवन काटेर विमानस्थलमा आयोजित उद्घाटन समारोह उद्घाटन गरेका थिए। राष्ट्रिय ध्वजावाहक कम्पनीले ढाका–कराची उडान हरेक बिहीबार र शनिबार सञ्चालन हुने बताएको छ।
प्रत्यक्ष उडानहरू पुनः सुरु गर्नाले दुइ देश विच यात्रा सजिलो हुने र दुई दक्षिण एसियाली देशहरू बिचको व्यापारलाई सहज बनाउने अपेक्षा गरिएको छ। बङ्गलादेश र पाकिस्तानबिचको द्विपक्षीय सम्बन्ध सुधार हुँदै जाँदा प्रत्यक्ष उडानहरू सम्भव भएको जनाइएको छ। रासस

## पर्सा क्षेत्र नं. २ बाट जसपाका उम्मेदवार अशोक टेमानी

# निजी क्षेत्रको अनुभव, जनताको पीडा र विकासको स्पष्ट खाका

**हरिशंकर शर्मा**
**वीरगंज ।**
पर्सा जिल्ला क्षेत्र नं. २ को प्रतिनिधिसभा निर्वाचन यसपटक केवल दल र चिन्हको प्रतिस्पर्धामा सीमित छैन । यो निर्वाचन पुराना राजनीतिक अभ्यास र नयाँ सोचबीचको बहस बनेको छ । यही बहसको केन्द्रमा छन् जसपा नेपालका प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अशोक कुमार अग्रवाल (अशोक टेमानी), जो आफूलाई नेता होइन, जनताको सेवकका रूपमा चिनाउँछन् ।

चार दशकभन्दा बढी समय निजी क्षेत्र, उद्योग–व्यवसाय, खेलकुद र सामाजिक सेवामा सक्रिय रहँदै आएका उनी लामो समयदेखि उठाउँदै आएका मुद्दा सरकारको नीति निर्माण तहसम्म नपुगेपछि अब आफैँ संसदमा पुगेर समाधान खोज्ने संकल्पसहित चुनावी मैदानमा उत्रिएका हुन् । तराई मधेशमा उद्योग व्यापारदेखि, बेरोजगारी, कृषि, स्वास्थ्य, शिक्षा तथा विकास निर्माणमा देखिएको समस्याहरुलाई उठाएर सरकारको नीति निर्माण तहसम्म पु¥याउन धेरै प्रयास गरेपछि त्यस्ता समस्याहरुको दीर्घकालीन समाधान हुन नसकेपछि अन्त्यमा उनी आफै नीतिगत तहसम्म पुग्ने लक्ष्य लिएर पर्सा क्षेत्र नं. २ बाट चुनावी मैदानमा उत्रिएका हुन् ।

उनले यस क्षेत्रका समस्याहरुलाई नजिकबाट नियालेका छन् । तराई मधेशका जनताहरु धेरै पीडित छन् । चाहे, शिक्षा, स्वास्थ्य, कृषि अथवा बेरोजगारीको समस्या किन नहोस् । उनी भन्छन्, 'मैले समस्या देखेको छु, भोगेको छु । अब समाधानको जिम्मा लिन आएको हुँ,' । मधेशमा जडाको रुपमा गाडेर बसेको थुप्रै समस्याहरु छन्, जसलाई आवाज उठाएर मात्रै होइन, नीति निर्माणतहसम्म पुग्नैपर्ने आवश्यक देखिएकोले निर्वाचनमा होमिएको बताउँछन् ।

**राजनीतिमा प्रवेशः बाध्यताबाट जन्मिएको निर्णय**
उनका अनुसार उनको राजनीतिक यात्रा रहरभन्दा बढी बाध्यताको परिणाम हो । उद्योगी, व्यापारी, किसान, महिला उद्यमी र बेरोजगार युवाका समस्या उनले विभिन्न मञ्चमा बारम्बार उठाए, तर नीति निर्माण गर्ने तहबाट ती आवाज उपेक्षित हुँदै गए ।

निजी क्षेत्रको सुझावलाई कहिल्यै गम्भीर रूपमा नलिइएको अनुभवले उनलाई राजनीतिमा आउन प्रेरित गरेको हो । उनले स्पष्ट रूपमा भनेका छन् 'म सत्ता, पद वा प्रतिष्ठाका लागि आएको होइन । नीति बदल्न र अवरोध हटाउन आएको हुँ ।'

**स्वच्छ छविः विश्वासको आधार**
आजको राजनीतिमा विश्वास ठूलो चुनौती बनेको अवस्थामा उनी आफ्नो स्वच्छ छविलाई सबैभन्दा ठूलो पूँजी मान्छन् । कुनै घोटाला, आर्थिक अनियमितता वा नैतिक विवादमा नजोडिएको इतिहास उनका लागि मतदातासँग संवाद गर्ने बलियो आधार बनेको छ ।

क्षेत्रवासीका अनुसार उनी आवश्यकता पर्दा सधैँ साथ दिने, पहुँच नभएकाको आवाज बन्ने व्यक्तित्वका रूपमा परिचित छन् । यही कारण उनले 'मान्छे चिनेर भोट दिनुहोस्' भन्ने सन्देशलाई केन्द्रमा राखेका छन् ।



**ग्रेटर वीरगंजः सोचबाट साकारतासम्म**
उनले अघि सारेको ग्रेटर वीरगंज अवधारणा आज वीरगंज महानगरको स्वरूपमा देखिनु केवल संयोग होइन, योजनाबद्ध सोचको परिणाम भएको उनी दाबी गर्छन् । दीर्घकालीन सोच र विकासप्रति प्रतिबद्धता नै आफ्नो राजनीतिक पहिचान भएको उनको भनाइ छ । 'मैले सपना देखाउने मात्र होइन, कार्यान्वयनको बाटो पनि देखाएको छु,' उनी भन्छन् ।

**पुरानो राजनीति र नयाँ विकल्प**
उम्मेदवारको बुझाइमा नेपालमा शासन प्रणाली त फेरियो, तर शासन गर्ने मानसिकता फेरिन सकेन । राजतन्त्रपछि प्रजातन्त्र र गणतन्त्र आए, तर जनताको पीडा बुझ्ने संस्कार विकास भएन । एउटा राजा गएर धेरै 'साना राजा' जन्मिएको उनको टिप्पणी छ । मधेश आन्दोलनको मूल भावना समान अधिकार र सम्मान भएपनि पछि जात, धर्म र समुदायका आधारमा मधेशी समाजलाई विभाजन गरिँदा आन्दोलनको उपलब्धि अधुरो बनेको उनी बताउँछन् । यही कारण अब अनुभवी, शिक्षित, समाजसेवी र सेवाभाव भएका नयाँ नेतृत्व आवश्यक भएको उनको निष्कर्ष छ ।

**आधारभूत विकास नै प्राथमिकता**
उनका चुनावी एजेण्डा ठूला नाराभन्दा पनि जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयमा केन्द्रित छन् । शिक्षाः कहिल्यै गुणस्तरीय शिक्षाका लागि चिनिएका मधेशका सरकारी विद्यालय आज भवनमा सीमित भएको उनी बताउँछन् । स्कुल छन्, तर शिक्षा छैन । शिक्षकको क्षमता अभिवृद्धि, विद्यालय व्यवस्थापन सुधार र सरकारी शिक्षालाई पुनर्जीवित गर्ने उनको लक्ष्य छ ।

स्वास्थ्यः अस्पताल छन्, तर उपचार छैन । सानो रोगका लागि पनि जनतालाई बाहिर जानुपर्ने बाध्यता अन्त्य गर्न स्वास्थ्य सेवा प्रभावकारी बनाउने प्रतिबद्धता उनले व्यक्त गरेका छन् ।

कृषिः खेत छन्, तर पानी छैन । नहर हराएका छन्, मल र बिउको अभाव छ । उनका अनुसार सिँचाइ नहर पुनःस्थापना, किसानलाई समयमै मल–बिउ उपलब्ध गराउने र कृषि नीतिमा सुधार नगरी समृद्धि सम्भव छैन । 'बीउ आयात बन्द गरेर खाद्यान्न आयात खुला गर्नु आत्मनिर्भर अर्थतन्त्रको उल्टो बाटो हो,' उनको तर्क छ ।

**युवा रोजगारीः पलायन रोक्ने योजना**
कामको खोजीमा विदेशिने युवाको बढ्दो संख्या उनीका लागि गम्भीर चिन्ताको विषय हो । निजी क्षेत्रको अनुभवका कारण स्थानीय उद्योग, साना तथा मझौला उद्यममार्फत रोजगारी सिर्जना गर्न सकिने उनको विश्वास छ । नीति सहजीकरण गरेर निजी क्षेत्रलाई प्रोत्साहन गरे युवालाई स्वदेशमै अवसर दिन सकिने उनको भनाइ छ ।

**महिला सशक्तीकरणः आधा जनशक्तिको उपयोग**
५० प्रतिशतभन्दा बढी जनसंख्या महिलाको भएपनि उनीहरू घरभित्र सीमित भएको अवस्थालाई परिवर्तन गर्नुपर्ने उनको धारणा छ । सीपमूलक तालिम, घरेलु उद्योग, महिला उद्यमशीलता प्रवद्र्धनमार्फत महिलालाई आत्मनिर्भर बनाउने स्पष्ट योजना उनले अघि सारेका छन् ।

**खेलकुददेखि उद्योगसम्मको यात्रा**
उनको जीवन यात्रा केवल व्यापारमा सीमित छैन । युवा उमेरमा कराते खेलाडी, अन्तर्राष्ट्रिय ब्ल्याक बेल्ट र जिल्ला कराते संघको अध्यक्षका रूपमा हजारौँ विद्यार्थी उत्पादन गरेका उनले खेलकुदमार्फत अनुशासन र नेतृत्व सिकेका छन् । पछि उद्योग–व्यवसायमा स्थापित भई विभिन्न संघ–संस्थाको नेतृत्व गर्दै कार्य सम्पादनको अनुभव हासिल गरेका छन् । 'जुन जिम्मेवारी लिएँ, परिणाम दिएर मात्र छोडेँ,' उनी भन्छन् ।

**पाँच वर्षको परीक्षण**
उनी मतदातासँग खुला प्रस्ताव राख्छन् 'पाँच वर्षको कार्यकालपछि मूल्याङ्कन गर्नुस् । काम गर्न नसके आफ्नो ढोकासम्म पनि नआउन दिनुस्' । विगतका नेताहरु पाँच वर्षमा एक पटक भोट माग्न आउँछन् र काठमाडौँमा बसेर रमाउँछन्, जनताको दुःख के हो ? भनेर बुझ्न पनि आउँदैन, त्यस्ता नेताहरुलाई आफ्नो ढोकासम्म आउन नदिनुस्, चाहे त्यो म किन न हुँ । पटक पटक पुरानालाई हेरियो, यस पटक आफूलाई सेवा गर्ने मौका दिनुस्, सकिन भने जनताको ढोकामा आउँदिन् उनी प्रतिबद्धता व्यक्त गर्छन् ।

**मतदातालाई अन्तिम सन्देश**
अन्त्यमा उनी क्षेत्रवासीलाई भावुक तर स्पष्ट सन्देश दिन्छन्, 'लहैलहैमा होइन, विवेक प्रयोग गरेर भोट दिनुस् । शपथको मर्यादा राख्न नसक्नेहरूलाई हटाउनुस् । स्वच्छ राजनीति र विकास चाहनेलाई मौका दिनुस् ।'

पर्सा क्षेत्र नं. २ को निर्वाचन केवल प्रतिनिधि छनोटको प्रक्रिया मात्र होइन, विकास, विश्वास र नयाँ राजनीतिक संस्कारको परीक्षण बनेको छ । निजी क्षेत्रको अनुभव, स्वच्छ छवि र स्पष्ट विकास दृष्टिकोण बोकेको यो उम्मेदवारीले चुनावी बहसलाई नयाँ उचाइ दिएको देखिन्छ ।

# शहीदप्रति श्रद्धाञ्जली अर्पण
# अब कुनै आमाको काख नरित्तियोस्ः प्रम

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले लैनचौरस्थित सहिद स्मारक पुगी ज्ञात–अज्ञात सहिदहरुको सम्झनामा श्रद्धाञ्जली अर्पण गरेकी छिन् । शहीद सप्ताहको अन्तिम दिन शुक्रबार प्रधानमन्त्रीले इतिहासको विभिन्न कालखण्डमा प्रजातन्त्र, राष्ट्र र स्वतन्त्रतासहित जनताका पक्षमा भएका आन्दोलनमा मृत्युवरण गरेका वीर सपुतको सम्मानमा श्रद्धाञ्जली अर्पण गरेकी हुन् ।

हरेक वर्ष काठमाडौँ महानगरपालिकाले माघ १० गतेदेखि सप्ताहव्यापी कार्यक्रम गर्दै आएको छ ।

साताव्यापी कार्यक्रमको अन्तिम दिन शुक्रबार शहीद उद्यान लैनचौरमा विशेष श्रद्धाञ्जली सभा आयोजना गरिएको हो । शहीद दिवसको अन्तिम दिन शुक्रबार बिहान शान्तिवाटिकाबाट प्रभातफेरी सुरु भएको थियो ।

शान्तिवाटिकामा भेला भएर नेपाल प्रहरी र सशस्त्र प्रहरीको ब्यान्ड, मार्चपास र सहिदको तस्बिर राखिएको बग्गीसहितको प्रभातफेरी सहिद उद्यान लैनचौरमा पुगेर श्रद्धाञ्जली सभामा परिणत भएको थियो ।



सभामा प्रधानमन्त्री कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, मन्त्रीहरु, सरकारका उच्चपदस्थ अधिकारी, जनप्रतिनिधि र सुरक्षा अङ्गका प्रमुखहरुको सहभागिता रहेको थियो । काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले, नागरिक स्वतन्त्रता, मानव अधिकार, सुशासन तथा स्वाभिमानका लागि विगतमा गरिएका प्रयत्न र त्याग बिर्सनु नहुने धारणा राखिन् । सरकारले सहिद दिवसका अवसरमा शुक्रबार सार्वजनिक बिदा दिएको थियो ।

**अब कुनै आमाको काख नरित्तियोस्ः प्रधानमन्त्री कार्की**
प्रधानमन्त्री सुशीला कार्कीले शहीदहरूको साहस, चेतना र सङ्कल्पका कारण देश परिवर्तनको ऐतिहासिक मोडमा उभिएको बताएकी छिन् । शहीद दिवसका अवसरमा उनले शुक्रबार जारी गरेको शुभकामना सन्देशमा नागरिक स्वतन्त्रता र लोकतन्त्रका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्ने सबै सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेकी छिन् । सन्देशमा भनिएको छ, 'उहाँहरूको साहस, चेतना र सङ्कल्पकै कारण आज देश परिवर्तनको ऐतिहासिक मोडमा उभिएको छ, अब कुनै आमाको काख फेरि रित्तिन नपरोस् । न्याय, समानता, उत्तरदायी शासन र उज्यालो भविष्यको आशामा उठेको जेनजी आन्दोलनमा सहादत प्राप्त वीर योद्धाहरूलाई पनि नमन ।' प्रधानमन्त्री कार्कीले सन्देशमा शासकीय मूल्य, नैतिकता र नागरिकको सम्मानमा आधारित राज्य निर्माणको दायित्व प्रत्येक शासकको स्मरणमा सदा रहनुपर्नेमा जोड दिएकी छिन् । रासस

# कागबेनी–मुक्तिनाथ सडक सञ्चालन

**मुस्ताङ ।**
भारी हिमपातका कारण बुधबारदेखि अवरुद्ध कागबेनी–मुक्तिनाथ सडक शुक्रबार बिहानदेखि सञ्चालन भएको छ । जिल्ला प्रशासन कार्यालय र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको पहलमा अवरुद्ध सडक सञ्चालनमा ल्याइएको हो ।

मंगलबार राति भारी हिमपातका कारण मुक्तिनाथ जाने १२ किलोमिटर कालोपत्र सडक पूर्ण रुपमा अवरुद्ध हुन पुगेको थियो । बिहीबार दिउँसोदेखि जिल्ला प्रशासन कार्यालय र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको अनुरोधमा मुक्तिनाथ (जोमसोम–कोरला) सडक आयोजनाको स्काभेटर परिचालन गरिएको छ ।



यसका अतिरिक्त मुक्तिनाथ सडकको हिउँ पन्छ्याएर सडक सञ्चालन गराउन प्रमुख जिल्ला अधिकारी अजिता शर्मासहित नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी लगायतको संयुक्त सुरक्षा टोली परिचालित गरिएको थियो । यसैगरी अवरुद्ध सडक खुलाउन गाउँपालिका उपाध्यक्ष डिकी गुरुङ र वडाध्यक्ष कर्माघ्याचो गुरुङ लगायतका स्थानीय जनप्रतिनिधि सक्रिय भएका थिए ।

भारी हिमपातका कारण अवरुद्ध सडक सञ्चालनमा ल्याउन जिल्ला सुरक्षा समितिको टोलीसहित स्थानीय जनप्रतिनिधि खटिएको र कोरला सडक आयोजनाको डोजर लगेर अवरुद्ध सडकको हिउँ पन्छ्याएर सडक खुलाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए । उनका अनुसार अवरुद्ध सडक खुलाइएको भए पनि कतिपय घाम नलाग्ने ओसिलो स्थानमा हिउँ ढुङ्गा जस्तै सारो हुने गरी जमेकाले दुई पांग्रे र भारी सवारीसाधनलाई मुक्तिनाथ उक्लिन समस्या रहेको छ ।

जिल्ला प्रहरी कार्यालयले बिहानको समयमा तत्कालका लागि मुक्तिनाथ आवतजावत गर्न सवारीसाधनलाई समस्या हुने भएकाले बिहान ११ बजेपछि मात्रै सवारीसाधन लैजान अनुरोध गरेको छ ।

भारी हिमपातका कारण बुधबारदेखि अवरुद्ध मुक्तिनाथ सडक सञ्चालनमा आएसँगै मुस्ताङको कागबेनीमा रोकिएका सवारीसाधन गन्तव्यमा प्रस्थान गरेका छन् । पुनः हिमपात नभएमा केही दिनमा मुक्तिनाथ सडक थप सहज हुने वारागुङ मुक्तिक्षेत्र–४ का वडाध्यक्ष कर्माघ्याचो गुरुङले जानकारी दिए । रासस

# लोकतान्त्रिक अधिकारको बीउ शहीद नै रोपेका हुनः ओली

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आजको लोकतान्त्रिक अधिकारको बीउ १९९७ सालका शहीदहरूले रोपेको बताएका छन् । शहीद दिवसका अवसरमा शुक्रबार शुभकामना सन्देश दिँदै उनले निरङ्कुश र जहानियाँ शासनको ठाउँमा लोकतान्त्रिक अधिकार स्थापित गर्ने आन्दोलनको बीउ शहीदहरूले रोपेको उल्लेख गरेका छन् ।



अध्यक्ष ओलीले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई राणा शासनले मृत्यु दण्ड दिएको स्मरण गर्दै त्यस्तो शासनको अन्त्य गर्न कम्युनिष्ट र कांग्रेसको सहकार्यले महत्वपूर्ण योगदान गरेको बताए ।

निरङ्कुश जहानियाँ शासनको ठाउँमा लोकतान्त्रिक अधिकार स्थापित गर्ने आन्दोलनको बीउ कम्युनिष्ट र कांग्रेसको संयुक्त आन्दोलनको उपज हो ।

आज समाजले पाएको लोकतान्त्रिक अधिकार सहिदहरूको बलिदानले रोपेको हो सामाजिक सञ्जालमार्फत उनले बताए ।

अध्यक्ष ओलीले सहिदको बलिदानीलाई कहिल्यै नभुल्ने र राष्ट्रिय स्वाधिनता र लोकतन्त्रको रक्षाका लागि सदा अडिग हुने प्रतिबद्धता जनाएका छन् । रासस

# राजनीतिलाई विभाजित गर्न हुँदैनः पोखरेल

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले राजनीतिलाई नयाँ र पुराना दल तथा पुस्ताका आधारमा विभाजित गर्न नहुने बताएका छन् ।



आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा प्रेस चौतारी नेपालद्वारा आयोजित छलफल कार्यक्रममा महासचिव पोखरेलले नेपाली समाजको चरित्र कुनै पुस्ताका नाममा विभाजन नभई मिलनसारिता तथा संवाद भएकाले त्यसलाई बुझेर मतदातालाई विकास र समृद्धिमा जोड्न सक्नुपर्ने बताए ।

महासचिव पोखरेलले निर्वाचनलाई लोकतान्त्रिक अभ्यास तथा नीतिगत बहसका रूपमा लिनुपर्ने र नीतिका आधारमा एमाले पहिलो नम्बरमा आउने अपेक्षा गर्नुभयो । रासस

# श्रीमतीको हत्या गरेको भन्दै प्रहरीसमक्ष आत्मसमर्पण

**काठमाडौँ ।**
ललितपुरको गोदावरी नगरपालिका–७ देवीचौरका ३० वर्षीय विनोद तामाङले चिर्पट प्रहार गरी श्रीमतीको हत्या गरेको भन्दै प्रहरी समक्ष आत्मसमर्पण गरेका छन् । जिल्ला प्रहरी ललितपुरका सूचना अधिकारी गौतम मिश्रका अनुसार शुक्रबार बिहान ६ः०० बजेको समयमा २३ वर्षीया कोपिला नेपाली र निजका श्रीमान् ३० वर्षीय बिनोद तामाङबीच विवाद हुँदा श्रीमानले चिर्पटले हानी श्रीमतीको हत्या गरेको बिनोद स्वयंले प्रहरी चौकी टिकाभैरवमा आइ जानकारी गराएका हुन् । दुवै जनाले मादक पदार्थ सेवन गरेको कुरा श्रीमान स्वयंले स्वीकार गरेका छन्, निज श्रीमान आफैँ प्रहरी चौकी टीकाभैरवमा आएर जानकारी गराएका हुन् । उनले बताए अनुसार तत्पश्चात निजलाई नियन्त्रणमा लिई प्रहरी चौकी टीकाभैरव र प्रहरी वृत्त चापागाउँको प्रहरी नायब उपरीक्षक शिला थापाको कमाण्डमा घटनास्थल अनुसन्धान टोली गई लास जाँच मुचुल्का लगायतको प्रारम्भिक अनुसन्धान पूरा भएको छ । शव परीक्षणका लागि पाटन स्वस्थ्य विज्ञान प्रतिष्ठान पठाइएको र अभियुक्त तामाङलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको सूचना अधिकारी मिश्रले जानकारी दिए । रासस



निर्माणधीन पुलमा काम गर्दै कामदारः राष्ट्रिय गौरवको आयोजना काठमाडौँ–तराई–मधेश द्रुतमार्ग अन्तर्गत बारा जिल्लामा  निर्माणधीन पुलमा काम गर्दै कामदार । तस्बिरः रासस

# कांग्रेस, एमाले र जनमत पार्टी परित्याग गरी प्रभावशाली नेताहरु जसपा नेपालमा प्रवेश



**मधेशदृष्टि**
**राजविराज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव चुनावी अभियानमा सक्रिय भएपछि बढ्दो जनलहरसँगै पार्टी प्रवेश गर्ने क्रमले तीब्रता पाएको छ ।

प्रतिनिधिसभा सदस्यमा सप्तरी क्षेत्र नम्बर ३ बाट उम्मेदवार बनेका उनलाई स्वागतसँगै विभिन्न पार्टी परित्याग गरी जसपा नेपालमा प्रवेश गर्ने लहर चलेको हो ।

राजगढ गाउँपालिका वडा नम्बर ६ हिजो मा नेकपा एमाले परित्याग गरी मजिद मियाँ (कैलास) र नइम मन्सुरीको नेतृत्वमा कार्यकर्ताहरु प्रवेश गरेका छन् । उनीहरु त्यस क्षेत्रका प्रभावशाली नेता हुन् ।

सोही वडामा नेपाली कांग्रेस परित्याग गरी बद्री यादव, कुञ्जीलाल यादव, दिनेश यादव, बब्लु यादवलगायत दर्जनौँ स्थानीय नेता तथा कार्यकर्ता पार्टी प्रवेश गरेका छन् । यस्तै, जनमत पार्टी परित्याग गरी सरोजकुमार यादव, सुनिल कुमार शर्मा, कमल शर्मा, विरेन्द्र शर्मा, बलराम सुतिहार, शत्रुधन सुतिहार, कृष्णा यादव, सुरेन्द्र कुमार यादव सहितका कार्यकर्ता जसपा नेपालमा प्रवेश गरेका छन् ।

राजगढ गाउँपालिका वडा नम्बर १ मा नेकपा एमालेका कामेश्वर यादवको नेतृत्वमा सामूहिक रुपमा जसपा नेपालमा प्रवेश गरेका छन । यस्तै, बिष्णुपुर गाउँपालिका वडा नम्बर ४ का दिनेश झा, सुरेश झा, छोटेलाल खंगसहितका व्यक्ति पार्टी प्रवेश गरेका छन् ।

पार्टीको घोषणापत्र सार्वजनिक गरेलगत्तै निर्वाचन क्षेत्रमा सक्रिय भएका अध्यक्ष यादव आज डाक्रेश्वरी नगरपालिकाको विभिन्न वडामा भेटघाट तथा छलफल कार्यक्रमलाई निरन्तरता दिएका छन् । वडा नम्बर ४ कुशहामा नेकपा माओवादीका केन्द्रीय सदस्य अच्छेलाल साह, स्थानीय नेता बच्चेलाल साहको नेतृत्वमा कार्यकर्ताहरुसमेत पार्टी प्रवेश गरेको जनता समाजवादी पार्टी नेपालका नेता बिन्देश्वर प्रसाद यादव बिक्कीले जानकारी दिएका छन् ।

उनका अनुसार कुशहामा नेपाली कांग्रेसका रामरतन राय, सञ्जय राय, जनमत पार्टीका रामसुन्दर रायसहितका नेताहरु पार्टी प्रवेश गरेका छन् । नवप्रवेशीलाई पार्टी अध्यक्ष यादवले स्वागत गर्दै पार्टी नीति तथा सिद्धान्तलाई आत्मसात् गर्दै अभियानमा होमिन आग्रह गरेका छन् ।

पार्टीका केन्द्रीय सचिव शैलेन्द्र प्रसाद साहका अनुसार अध्यक्ष यादव पुग्ने हरेक गाउँ तथा टोलमा सर्वसाधारण जनता उत्साहित भएको तथा पार्टी प्रवेश गर्ने क्रम पनि बढेको छ ।

मधेश विद्रोहका कमाण्डर यादवलाई आफ्नै घरदैलोमा प्रत्यक्ष भेट्ने अवसर पाएपछि सर्वसाधारण उत्साहित भई जनलहर बढेको छ ◌। जसपा अध्यक्ष यादव सप्तरी क्षेत्र नम्बर ३ बाट उम्मेदवार भएपछि केही दिनयता जनताको घरदैलोमा सक्रिय भएका छन् ।

कठोर सङ्घर्ष र जनताको बलिदानीबाट प्राप्त उपलब्धीको रुपमा रहेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सबल एवम् स्थायित्व प्रदान गर्नु आवश्यक रहेको बताउँदै जसपा नेपाललाई मतदान गरेर थप सबल बनाउन अध्यक्ष यादवले आह्वान गरेका छन् ।

# मरहा नदीमा रातारात अवैध उत्खनन्



**मधेशदृष्टि**
**महोत्तरी ।**
गौशाला नगरपालिकास्थित मरहा नदीमा व्यापक रूपमा भएको अवैध उत्खनन्लाई जिल्ला अनुगमन उपसमितिले गम्भीर लुटिका रूपमा ठहर गरेको छ । अनुगमनका क्रममा नदी किनारमा सञ्चालित क्रसर उद्योगले रातिको समयमा मापदण्ड विपरीत गहिरो उत्खनन् गरी त्यसलाई बालुवाले छोपेर लुकाउने प्रयास गरेको पाइएको छ । जिल्ला अनुगमन उपसमितिका संयोजक तथा जिल्ला समन्वय अधिकारी राधेश्याम ठाकुरका अनुसार कतिपय स्थानमा २० फिटसम्म गहिरो उत्खनन् गरिएको देखिएको छ भने दर्जनौँ ठाउँमा १० फिटभन्दा बढी गहिरा खाल्डा अझै खुला अवस्थामा फेला परेका छन् । उनले रातिको समयमा नदीको चरम दोहन हुँदै राजस्व चुहावट भइरहेको र स्थानीय तहबाट प्रभावकारी अनुगमन नहुनु गम्भीर कमजोरी भएको बताए ।

'मरहा नदीमा क्रसर उद्योगहरूले जतातत्तै जथाभावी उत्खनन् गरेका छन् । नदी तहसनहस हुँदा पनि सम्बन्धित निकायलाई थाहा नहुनु दुखद विषय हो,' ठाकुरले भने, 'अब प्राविधिक टोलीले नापजाँच गरी उत्खनन् भएको क्षेत्र र परिमाण यकिन गर्नेछ । त्यसपछि प्रतिवेदन सार्वजनिक गरी दोषीमाथि कानुनी प्रक्रिया अघि बढाइनेछ ।'

अनुगमनका क्रममा गौशाला नगरपालिकाले नदी उत्खननका लागि कुनै ठेक्का नलगाएको र तोकिएको मापदण्ड विपरीत नदी किनारमै अवैध रूपमा नदीजन्य पदार्थको स्टक राखिएको समेत फेला परेको छ । मरहा नदीमा नियमित अवैध उत्खनन भइरहेको गुनासो आएपछि अनुगमन अघि बढाइएको गौशाला नगरपालिकाकी उपप्रमुख रेणु महतोले जानकारी दिइन् ।जिल्ला अनुगमन उपसमिति, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखको संयुक्त टोलीले स्थलगत निरीक्षण गरेको हो । अनुगमनका क्रममा नदीको बीचमै खाल्डोमा टिपर लुकाएर जेसीबी प्रयोग गरी उत्खनन गर्ने र त्यसलाई किनारमै रहेका क्रसरमा स्टक गरी वैध देखाउने कार्य भइरहेको पुष्टि भएको छ । स्थानीयवासीले क्रसर उद्योगहरूले जनप्रतिनिधि र सुरक्षा निकायका केही व्यक्तिलाई प्रभावमा पारेर रातारात नदीजन्य पदार्थको अवैध उत्खनन गर्दै आएको आरोप लगाएका छन् । गहिरो खाल्डा खनेर आसपासका बस्तीलाई जोखिममा पार्ने गरी उत्खनन् गरिएको भन्दै कारबाही प्रक्रिया अघि बढाइने जिल्ला समन्वय अधिकारी ठाकुरले स्पष्ट पारे ।

# कपिलेश्वरबाट विमलेन्द्र निधिले शुरु गरे मतदाता भेटघाट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता तथा धनुषा–३ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार विमलेन्द्र निधिले जनकपुरधाम–१६ स्थित कपिलेश्वरमा आयोजित चुनावी सभाबाट आफ्नो औपचारिक चुनावी अभियानको थालनी गरेका छन् ।

सभाको पहिलो दिन आयोजित कार्यक्रममा सम्बोधन गर्दै नेता निधिले लोकतन्त्रको सुदृढीकरण, सुशासन, विकास र जनअधिकारको संरक्षणलाई आफ्नो प्रमुख राजनीतिक एजेन्डा रहेको स्पष्ट पारे । उनले मधेशको समग्र विकासलाई केन्द्रमा राख्दै शिक्षा, स्वास्थ्य सेवा, रोजगारी सिर्जना र पूर्वाधार विस्तारमा विशेष ध्यान दिने प्रतिबद्धता जनाए । निधिले विगतदेखि नै मधेशका मुद्दालाई संसद र राष्ट्रिय राजनीतिमा उठाउँदै आएको उल्लेख गर्दै आगामी दिनमा पनि जनताको विश्वास र समर्थनका साथ सशक्त प्रतिनिधिको भूमिका निर्वाह गर्ने दाबी गरे । 'मधेशको आवाज राष्ट्रिय राजनीतिमा अझ प्रभावकारी बनाउन फेरि जनताको साथ चाहिएको छ,' उनले भने ।

सभामा केही दिनअघिसम्म निधिसम्ग दूरी बनाएका जीवनाथ चौधरी पनि निधिसँग एउटै मञ्चमा देखिनु कार्यक्रमको महत्वपूर्ण पक्षका रूपमा हेरिएको छ । यस घटनालाई नेपाली कांग्रेसभित्र आन्तरिक एकताको सकारात्मक सन्देशका रूपमा लिइएको छ ।

कार्यक्रममा बोल्दै चौधरीले व्यक्तिगत असमझदारीभन्दा पार्टी र जनताको हित सर्वोपरि हुने उल्लेख गर्दै कांग्रेसलाई जित दिलाउन सबै नेता तथा कार्यकर्ता एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए ।

कपिलेश्वरमा आयोजित सभामा स्थानीय नेता, कार्यकर्ता तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# सुदूरपश्चिम प्रदेशः चुनावी सरगर्मी बढ्दै

**सुदूरपश्चिम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सुदूरपश्चि प्रदेशमा चुनावी सरगर्मी बढेको छ । राजनैतिक दलका र स्वतन्त्र उम्मेदवारले आन्तरिक बैठक तथा भेला गरेर चुनावी रणनीतिसहित प्रचारप्रसार थालेसँगै चुनावी चहलपहल बढेको हो ।

नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टीलगायत ठूला दलका प्रत्यासी पार्टीको पुरानो बिरासत जोगाउन रणनीति बनाएर प्रचारप्रसारमा होमिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टीलगायत दलका प्रत्यासी र स्वतन्त्र प्रत्यासीहरूले चुनाव केन्द्रित गतिविधिमा सक्रियता बढाएका छन् ।

धेरै प्रत्यासीले सामाजिक सञ्जालको प्रयोग गरेर मतदातालाई रिझाउने आसयका सामग्रीको प्रयोग बढाएको देखिन्छ । कतिपय दलका उम्मेदवारले घरदैलो अभियान सुरु गरिसकेका छन् । निर्वाचन प्रचारप्रसारमा होमिएका कतिपय उम्मेदवारले सामाजिक सञ्जालमार्फत जथाभावी प्रचारप्रसार सामग्रीको प्रयोग बढाउँदा मतदातामा अन्योल देखिएको स्थानीयको भनाइ छ । स्थानीय चेतराज ओझाले भने, 'सामाजिक सञ्जालको जथाभावी प्रयोग गर्ने प्रवृत्ति बढ्दा मतदातामा सही सूचना प्रवाह भइरहेको छैन, यस्तो प्रवृत्तिलाई नियमन गर्न जरुरी छ, अनि मात्र स्वच्छ, निष्पक्ष निर्वाचन हुन्छ ।'



जेन्जीको आन्दोलनपछिको राजनीतिक परिवेशमा हुन लागेको निर्वाचनको प्रचारप्रसार शैली भने फेरिएको छ । उम्मेदवारहरूले सूचना प्रविधिका विभिन्न माध्यमलाई मुख्य प्रचार सामग्री बनाएका छन् । पूरै कार्यकाल पूरा नगरी बीचमै हुन लागेको यो निर्वाचनलाई लिएर कतिपय मतदाता निराश देखिन्छन् । धनगढीका मतदाता भोजराज पाण्डेयले भने, 'अस्थिरता देखिनुमा दलहरू बढी जिम्मेवार देखिन्छन्, यसले गर्दा जनतमा निराशा छ, तर पनि निर्वाचनलाई सम्पन्न गरेर अस्थिरता टार्न दलहरूनै बढी जिम्मेवार हुनुपर्छ ।'

सुदूरपश्चिम प्रदेशमा डडेलधुरा, कैलाली निर्वाचन क्षेत्र ४ र ५, अछाम क्षेत्र–१ कञ्चनपुर २ र ३ लाई बढी चासोका साथ हेरिएको छ । नेपाली कांग्रेसका निवर्तमान सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले विसं २०४८ देखि २०७९ सम्म भएका निर्वाचनमा विजयी हुँदै आएको डडेल्लधुरा क्षेत्र सर्वाधिक चासोको केन्द्र बनेको छ ।

यो निर्वाचनमा देउवा चुनावी प्रतिस्पर्धी हुनुहुन्न । देउवा प्रत्यासी नहुँदा कांग्रेसको विरासत जोगाउन चुनौती थपिएको छ । यहाँ कांग्रेसले युवा नेता एवम् नेविसङ्घका पूर्वकेन्द्रीय अध्यक्ष नैनसिंह महरलाई चुनावी मैदानमा उतारेको छ ।

यो क्षेत्रमा रास्वपाका डा तारा जोशी, नेकपा (एमाले) का चक्रप्रसाद स्नेही, नेपाली कम्युनिष्ट पार्टीका मानसिंह माल, राप्रपाका गोविन्द खडायत, राष्ट्रिय जनमोर्चाका चन्द्रदेव विक, आम जनता पार्टीका खडकबहादुर ठकुराठी, श्रम संस्कृति पार्टीका महेन्द्र पुनमगरलगायत १३ जना प्रतिस्पर्धी छन् ।

निवर्तमान गृहमन्त्री एवम् कांग्रेस नेता रमेश लेखक विजयी हुँदै आएको कञ्चनपुर–३ मा आउने चुनावमा कांग्रेसले पूर्वपार्टी सभापति हरि बोहरालाई प्रत्यासी बनाएको छ । लेखक प्रत्यासी नहुँदा यो क्षेत्रमा मतदातामा चासो बढेको हो । सो क्षेत्रमा नेकपा (एमाले) का दीपकप्रकाश भट्ट, नेपाली कम्युनिष्ट पार्टीका मानबहादुर सुनार, रास्वपाका ज्ञानेन्द्रसिंह महतासहित १७ जना प्रत्यासी छन् ।

कञ्चनपुर–२ मा नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री एनपी साउद प्रत्यासी छन् । तीन वर्षअघिको चुनावमा विजयी भएका साउदसँग नेकपा (एमाले) का युवा नेता बचनबहादुर सिंह, नेपाली कम्युनिष्ट पार्टीका माधवप्रसाद पन्त, रास्वपाका दीपकराज बोहरा, राप्रपाका तीर्थराज चटौतसहित १९ जनाले प्रतिस्पर्धा गर्दै छन् । कैलाली क्षेत्र–४ मा नेकपा (एमाले) का उपमहासचिव एवम् पूर्वमन्त्री लेखराज भट्ट प्रत्यासी हुँदा चासो देखिएको हो ।

अघिल्लो निर्वाचनमा कांग्रेसका प्रदेश सभापति वीरबहादुर बलाएर विजयी भएको यो क्षेत्रमा आउने चुनावमा उनी प्रत्यासी छैनन् । कांग्रेसले आनन्द विष्टलाई प्रत्यासी बनाएको छ । यो क्षेत्रमा नेपाली कम्युनिष्ट पार्टीले हरिराम चौधरी, रास्वपाले खेमराज कोइराला, राप्रपाले कमल रजवार, राष्ट्रिय जनमोर्चाका हेमराज भट्टलगायत १६ प्रतिस्पर्धी छन् ।

अछाम–१ मा नेपाली कम्युनिष्ट पार्टीका नेता एवम् पूर्वउपप्रधानमन्त्री भीमबहादुर रावल प्रत्यासी छन् । उनीसँग नेपाली कांग्रेसका भरतकुमार स्वाँर, नेकपा (एमाले) का दीपकबहादुर साउद, रास्वपाका ओमप्रकाश रावललगायत उम्मेदवार प्रतिस्पर्धामा छन् । यो क्षेत्रमा यसअघिको निर्वाचनमा तत्कालीन नेकपा (एकीकृत समाजवादी) का शेरबहादुर कुवँर विजयी भएका थिए ।

प्रदेशको राजधानी सहर धनगढी (कैलाली निर्वाचन क्षेत्र–५) मा अघिल्लो निर्वाचनमा विजयी कांग्रेसका डिल्लीराज पन्त अहिले प्रतिस्पर्धी छैनन् । कांग्रेसले यो क्षेत्रमा युवा नेता एवम् प्रदेशका महामन्त्री नरनारायण शाहलाई प्रत्यासी बनाएको छ । नेकपा एमाले) का जिल्ला अध्यक्ष यज्ञराज ढुङ्गाना, नेपाली कम्युनिष्ट पार्टीका प्रेमबहादुर आले, रास्वपाका आनन्दबहादुर चन्द, उज्यालो नेपाल पार्टीका चन्द्र साउदसहित १५ जना प्रतिस्पर्धामा छन् । पूर्वमन्त्रीसमेत रहेका आले यसअघिको निर्वाचनमा डोटीबाट तत्कालीन नेकपा (एकीकृत समाजवादी) का तर्फबाट विजयी भएका थिए ।

कैलाली क्षेत्र–५ (धनगढी) सुदूरपश्चिम प्रदेशको एक मात्र उपमहानगरपालिका र प्रमुख व्यापारिक केन्द्र भएकाले यो क्षेत्रको चुनावप्रति बढी चासो बढेको हो । प्रतिनिधिसभातर्फ १६ निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिम प्रदेशमा राजनीतिक दलका र स्वतन्त्र गरी २ सय ६ जना चुनावी प्रतिस्पर्धामा छन् ।

# कांग्रेसमा युवा परिचालनको जिम्मा कृष्णा सिंहलाई

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै नेपाली कांग्रेस मधेश प्रदेशले संगठन सुदृढीकरण र चुनावी अभियान प्रभावकारी बनाउन युवा परिचालन समिति गठन गरेको छ । समितिको संयोजकको जिम्मेवारी प्रदेश सदस्य कृष्णकुमार सिंहलाई दिइएको छ । मधेश प्रदेश कांग्रेस कार्यालयबाट जारी पत्रअनुसार सिंहले प्रदेशका ३२ वटै निर्वाचन क्षेत्रमा कांग्रेसका आधिकारिक उम्मेदवारको प्रचारप्रसार, मतदाता सम्पर्क र युवा परिचालनको नेतृत्व गर्नेछन् । चुनावी अभियानमा युवालाई सक्रिय रूपमा परिचालन गर्ने उद्देश्यले यो जिम्मेवारी तोकिएको पार्टीले जनाएको छ ।

पत्रमार्फत प्रदेश सभापति कृष्णप्रसाद यादवले सिंहलाई जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न शुभकामना दिँदै प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसको जित सुनिश्चित गर्न सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गरेका छन् ।सिंहको नियुक्तिसँगै मधेश प्रदेश कांग्रेसले युवा शक्तिलाई संगठित गर्दै चुनावी अभियानलाई थप तीव्र बनाउने अपेक्षा गरिएको छ । पार्टीभित्र युवामार्फत जनसमर्थन विस्तार हुने विश्वास समेत व्यक्त गरिएको छ ।

# राष्ट्रिय थारु साहित्य सम्मेलन शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
थारु लेखक संघ नेपालको आयोजनामा तथा थारु अतिथि सेवा सदन समितिको सहआयोजनामा दशौँ राष्ट्रिय थारु साहित्य सम्मेलन शुक्रबारदेखि शुरु भएको छ । पटेर्वासुगौली गाउँपालिका–२, बेलवास्थित थारु अतिथि सेवा सदनको सभा हलमा सम्मेलनको औपचारिक उद्घाटन गरिएको हो ।

सम्मेलन सदन समितिका अध्यक्ष रामचन्द्र दहित थारुको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति बिमल कृष्ण श्रेष्ठ प्रमुख अतिथिका रूपमा उपस्थित रहनु भएको थियो । कार्यक्रममा मधेश सरकारका वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरी, नेपाली कांग्रेसका नेता सुरेन्द्र चौधरी र मोहनलाल चौधरी, जनता समाजवादी पार्टीका नेता डा. कृपासिन्धु चौधरी, नेपाल कम्युनिस्ट पार्टीका नेता जयप्रकाश थारु तथा नेता नागेन्द्र चौधरीलगायतले विशिष्ट अतिथिका रूपमा सहभागिता जनाउँदै शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।सम्मेलनअन्तर्गत कविता वाचन, रचनापाठ, साहित्यिक विमर्श तथा स्रष्टा सम्मान कार्यक्रम समावेश गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन